# अमूल्य धन



लेखक
भिक्षु अश्वघोष

अनुवादक
भिक्षु संघरक्षित

Downloaded from http://www.dhamma.digital

# अमूल्य धन

लेखक

**भिक्षु अश्वघोष महास्थविर**

☎ ४-२५९११०

Dhamma Digital

अनुवादक

**भिक्षु संघरक्षित "सद्धम्म कोविद"**

☎ ४-२१६०११

Downloaded from http://www.dhamma.digital

**प्रकाशक** : भिक्षु अश्वघोष महास्थविर स्मृति प्रकाशन
काठमाडौं, नेपाल ।

**कम्प्यूटर** : संघरक्षित, संघाराम

**प्रकाशन** : बु. सं. २५४९, वि. सं.२०६२ असोज
ने. सं. ११२६, इ. सं. २००५

**प्रथमावृत्ति** : १००० प्रति मात्र ।

**सहयोगार्थ** : रु. १५/-

*मुद्रक:* **न्यू नेपाल प्रेस**
**प्रधान कार्यालय:** १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं
फोन: ४४३४८५०, ४४३४७५३
**व्यापारिक कार्यालय:** शुक्रपथ, न्यूरोड, काठमाडौं
फोन: ४२५९०३२, ४२५९४५०

Downloaded from http://www.dhamma.digital

# मंगल कामना

धेरै वर्ष पहिले "अमूल्य धन" नाम गरेको पुस्तक मेरो मातृभाषा नेवारीमा छापेको थियो। त्यो पुस्तक धेरै जसो पाठक वर्गहरुलाई मनपरेको थियो। त्यसैले त्यस पुस्तकलाई नेपाली भाषामा पनि प्रकाशन गराउन पाए राम्रो हुने थियो। नेपाली भाषामा प्रकाशन गराउन पाए गैर नेवारहरुमा पनि व्यापक रुपमा बुद्धको अमूल्य शिक्षा प्रचार गर्न मद्दत मिल्ने थियो भन्ने चर्चा भएको थियो। तर मेरो स्वास्थ्य ठीक नभएको कारणले गर्दा म आफैले पुस्तक अनुवाद गर्नको लागि असमर्थ छु। त्यसैले त्यही पुस्तक मेरै शिष्य भिक्षु संघरक्षितले अनुवाद गरिदिनु भएकोले उहाँलाई धेरै धेरै साधुवाद छ। त्यसैले पाठक वर्गको इच्छा पनि पुरा हुने भयो।

यस पुस्तकमा मानिसको र धनको मूल्य बढ्ने आध्यात्मिक गुण युक्त भएको बुद्धको शिक्षा समावेश भएको छ। तसर्थ पुस्तकको नामै "अमूल्य धन" रहन गयो।

राम्रोसँग पुस्तक छापिदिनु भएकोमा न्यू नेपाल प्रेसलाई पनि धन्यवाद दिन चाहन्छु।

भवतु सब्ब मङ्गलं

अश्वघोष

**श्रीघ विहार**

२१ मंसीर २०६२

Downloaded from http://www.dhamma.digital

# चतुर्ब्रह्म विहार

चार उत्तम मनुष्य गुणधर्मलाई चतुर्ब्रह्म विहार भनिन्छ। अर्को तरिकाले भन्ने हो भने सबैभन्दा माथि पुगेको मानव गुणधर्मलाई पालन गरी जीवन बिताउनुलाई चतुब्रह्म विहार भनिन्छ। यी चारै गुणधर्म (राम्रो आचरण) बुद्धमा सदैव देखा पर्दछ तर अरू सबै अर्हत्‌हरूमा पनि यी गुणहरू सधैं देखा पर्दैन।

यहाँ ब्रह्म शब्दको अर्थ बुझ्नुपर्दछ। पहिला पहिलादेखि संसारको ठूलो देवता ब्रह्मा भनी मानिआएको पाइन्छ। गौतम बुद्धले ब्रह्माको अस्तित्वलाई मान्यता दिनुभएको छैन। पछि आएर बौद्ध पुस्तकहरूमा ब्रह्माको अस्तित्व गाभिन आयो। बुद्धले ब्रह्मा छैन नभनी ब्रह्मामा हुनुपर्ने चार गुणधर्महरु बताउनुभएको छ-

१. मैत्री (द्वेषभाव नभएको मन),

२. करूणा (दुःखीहरू देखी दया लाग्ने स्वभाव),



Downloaded from http://www.dhamma.digital

३. मुदिता (ईर्ष्याभाव नभएको अरूको राम्रो काम देखेर प्रसन्न हुनसक्ने स्वभाव), र

४. उपेक्षा (दुःख भए पनि, सुख भए पनि वास्ता नभएको तटस्थ स्वभाव ।

यी चारै गुण आमा-बुबामा आफ्नो सन्तानप्रति भएको देखिन्छ। त्यसैले मातापितालाई ब्रह्मा हो भनी बुद्धले भन्नुभएको छ । यो परिवारमा मात्र सीमित हुने गुणधर्म भयो । यसरी विचार गर्दा नदेखिने चारवटा टाउको भएको ब्रह्मा भयो भनेको अर्को अर्थमा भन्नुपर्दा मानिस नै ब्रह्मा हुनसक्छ भन्ने बुद्धको उपदेश हो ।

बुद्धको जीवनी लेखिराखेकाहरूले पनि सिद्धार्थ कुमार जन्मदा ब्रह्मा आएर स्वागत गरेको दृश्य (रूप) देखाएर मानिसभन्दा पनि ब्रह्मा तल परेको देखाइराखेको छ । सिद्धार्थ कुमारले बोधिज्ञान प्राप्त गरिसकेपश्चात् पहिला धर्मप्रचार गर्न उत्साह नगर्नु हुँदा ब्रह्मा आएर अनुकम्पा राख्नुभई धर्मको कुरा उपदेश गर्नहोस् भनी प्रार्थना गरेको कुरा बुद्धजीवनीभित्र राखिएको छ । यहाँ बुद्धजीवनी लेखिराख्नेले ब्रह्माको



Downloaded from http://www.dhamma.digital

मूल्य बढाइदिए पनि बुद्धको मूल्य तल झारेको देखिन्छ, किनभने बोधिसत्वको पालादेखि दशपारमिता पूर्ण गरी बुद्ध हुने अधिकार लिएर आउनुभएका बुद्धलाई ब्रह्माले प्रार्थना गरेपछिमात्र ज्ञानको कुरा बताउनु भयो भन्दा बुद्धको मूल्य नै कम गरिदिएको छ।

ब्रह्मा भनेको मानिसकै मन हो किनभने कसैलाई रिस उठ्यो भने उसले भन्ने गरिन्छ- "आज मलाई उसको कुरा सुनेर ब्रह्माण्डदेखि नै रिस उठ्यो।"

यसरी भनेको मतलब मनैदेखि रिस उठ्यो भनेको हो। त्यसो हो भने बुद्धको मन नै ब्रह्मा भयो। मनले उपदेश नगर्ने भन्यो, फेरि मनैले उपदेश गर्नलाई भरोसा दियो, प्रेरणा दियो। बौद्ध ग्रन्थको ठाउँ ठाउँमा ब्रह्माको वर्णन आएको छ। यिनीहरू महायानको दाइजो हो भन्न सकिन्छ।



Downloaded from http://www.dhamma.digital

# १. मैत्री

अब यहाँ हामीलाई चाहिरहेको बुद्धद्वारा उपदेशित ब्रह्मा हुनसक्ने गुण बनाउँदै जानु हो । ब्रह्मागुणको पहिलो गुणधर्म हो- मैत्री । आजभोलि अशान्ति, कलह भइराखेको मूल कारण नै मैत्रीचित्त नभएकोले हो । मैत्री चित्त नहुँदा रिस चाँडै उठ्छ । मन कोमल हुँदा रिस छिट्टै उठ्दैन । शत्रुभाव हुँदैन । आमाबुबामा आफ्नो सन्तानप्रति धेरै नै मैत्री हुन्छ । मैत्री नहुँदा रिस उठ्छ । अनि आफ्ना सन्तान भनेर पनि माया लाग्दैन । त्यसैले आमाबुबाहरूमा सदैव शुद्ध मैत्री छ भन्न नमिल्ने देखिन्छ ।

बुद्धको मनमा शुद्ध मैत्री चित्त भएकोले नै कसैले उहाँलाई बिगार्ने प्रयत्न गरे पनि सफल हुन सकेनन् । बुद्धको महिमा बढ्दै गएको नै उहाँमा शुद्ध मैत्री भएकोले हो । मैत्री चित्त भनेको द्वेषभाव र शत्रु भन्ने भावना



Downloaded from http://www.dhamma.digital

त्यागेर सबैलाई मित्र सम्झनु हो । मैत्री चित्त भयो भने मन पनि, शरीर पनि हलुँगो हुन्छ । अनुहारमा तेज निस्किन्छ । तर रिस उठ्यो भने शरीर गऱ्हुँगो भएर आउँछ । रिसालु मान्छेले मैत्री भावना गर्न सक्दैन ।

एकपल्ट गौतम बुद्ध कुशीनगरको मल्ल नगरमा जानुभयो । त्यसबेला राज्यबाट सबैलाई सुनाइयो- "भगवान् बुद्ध हामीकहाँ आउनुभएको छ । उहाँको स्वागत गर्नको लागि सबै हाजिर हुनुपर्दछ । बच्चालाई दूध ख्वाउनुपर्ने महिला नआए पनि हुन्छ । अरू आएन भने ५०० रुपियाँ जरिवाना लाग्नेछ ।"

त्यसबेला रोज भन्ने मल्ल एकजना थियो । उसलाई बुद्ध पटक्कै मन पर्दैनथ्यो । उसलाई जाने इच्छा पनि थिएन तर पनि जरिवाना तिर्नुपर्ला भनी गयो । त्यहाँ गएर ऊ कराउँदै गर्न थाल्यो- "म बुद्धप्रति श्रद्धा भएर यहाँ आएको होइन । पाँच सय रुपियाँ जरिवाना तिर्नुपर्ला भनी आएको हुँ ।"

यो कुरा सुनेर भिक्षु आनन्दलाई साऱ्है बेमज्जा लाग्यो । बुद्धकहाँ गएर भन्न गयो- "भन्ते, रोज मल्लमा तपाईप्रति श्रद्धा छैन रे । तपाईले उसको मनलाई बदलिदिए हुन्थ्यो । ऊ एक प्रभावशाली व्यक्ति हो ।"



Downloaded from http://www.dhamma.digital

अनि बुद्धले आँखा चिम्लिनुभई अधिष्ठान गर्नुभयो- "मैंले दरवार त्यागेर आएदेखि कसैलाई बिगारेको छैन, त्यस्तो कुरा पनि गरेको छैन, मनले पनि नराम्रो कल्पना गरेको छैन । यहाँ आएको पनि यहाँका मानिसहरूको राम्रो चिताएर नै आएको हुँ । यो सत्यवचनले रोज मल्ललाई राम्रो होस् ।"

बुद्धले शुद्ध मैत्री भावना गर्नुभयो । एकैछिन पछि रोज मल्ल बुद्ध कहाँ छ ? भनी खोज्दै आउन थाल्यो । अनि अरूले भन्नथाले- "तिमी बुद्ध मन नपराउने किन यहाँ आएको ?"

रोज मल्लले भन्यो- "मलाई के भएको हो के भएको । मेरो मनमा केही भएको छ । बुद्धमात्र सम्झना आइरहेको छ ।"

ऊ बुद्धको सामु पुगेर क्षमा माग्नथाल्यो- "भो शास्ता ! म अज्ञानि, तपाई यति महान् हुनुहुन्छ भन्ने कुरा मलाई थाहा थिएन ।"

यहाँ बुद्धले तान्त्रिक बलद्वारा रोज मल्ललाई दमन गर्नुभएको थिएन । उहाँले आफ्नो आध्यात्मिक शक्ति र मैत्रीबलले रोज मल्लको मन कोमल गरिदिनुभएको मात्र थियो । यो बुद्धको चमत्कार हो ।



Downloaded from http://www.dhamma.digital

बुद्धले मैत्री भावना गर्ने तरिका सिकाउनुभएको छ । यो तरिका यसप्रकार रहेका छन्- मैत्री भावना गर्दा पहिला मन नपरेकाहरूलाई सम्झेर गर्नुहुँदैन । पहिला मन पर्नेलाई सम्झेर, त्यसपछि आफू समानकोलाई, त्यसपछि मन कोमल भएपश्चात्मात्र मन नपनरेकाहरूलाई सम्झेर मैत्री भावना गर्नुपर्दछ । पहिला आफू नै मैत्री चित्त भएको हुनुपर्दछ । द्वेष नभएको र निरोगी, सुखी हुनुपर्दछ । त्यसपछि आफू जस्तै अरुहरू पनि वैरभाव नभएको होस्, रिस नभएको होस्, रोग नभएको होस्, सुखी होस् भनी कामना गर्नुपर्दछ ।

यसरी इमान्दारीपूर्वक शुद्ध मैत्री चित्त बलियो पार्ने अभ्यास गर्दै लग्यो भने शत्रुहरूले उसलाई बिगार गर्न सक्दैन । तर शुद्ध चित्तले निस्वार्थपूर्वक काम गरी लानुपर्दछ, कुरा पनि राम्रो हुनुपर्दछ । यस्तो कुनै पनि कालो दाग नभएको मैत्री चित्त भएको बुद्धलाई कसैले पनि बिगार गर्न सकेन । यो भयो बुद्धको मैत्री बलको कुरा । अब हेरूं यहाँ हामीमा भएको घटना ।

एक महिलालाई उसको लोग्नेले दुई तीन वर्षसम्म बोलेन, वास्ता पनि गरेन । पकाएको भात पनि खाएन । विहारमा गएर मैत्रीको बारेमा कथा सुनेर



Downloaded from http://www.dhamma.digital

आफ्नो घरमा आएर बिहान सबेरै उठ्ने बित्तिकै शुद्ध मैत्री चित्तले द्वेषभाव र रिस पटक्कै नराखी आफ्नो लोग्नेलाई सम्झेर उसको जय होस्, राम्रो होस्, निरोगी होस्, सुखी होस् भनी दस-पन्ध्र दिन मैत्री भावना गर्दै लग्दा उसको लोग्नेचाहिंले बोल्न आयो, माया पनि गर्न थाल्यो । त्यसबेला ती महिलालाई त स्वर्गमा पुगेजस्तै भयो । नर्कबाट स्वर्गमा पुगेजस्तो अनुभव भयो । अब दुबैजना आनन्दले जीवन बिताउन थाल्यो । शान्ति भयो ।

यो अनुभव र अभ्यास गरी हेर्नुपर्ने कुरा हो । आजभोलिको दूषित फोहर राजनैतिक वातावरणमा परस्पर दोषारोपण गर्ने, आलोचना गर्ने प्रवृत्ति भइराखेको बेला बुद्धको मैत्रीको कुरा प्रचार गर्ने कि नगर्ने जस्तो विचार आउन थाल्छ । तर पारिवारिक जीवनलाई त यो मैत्री एउटा अमृतऔषधि भने पनि फरक नहोला ।

म एकपल्ट बुद्धको चमत्कारको बारेमा लेखिरहेको बेला एकजना त्रिशूलीका धर्मरत्न शाक्य उपासकले सोधे- "के लेखिराख्नुभएको ?"

मैले भनें- "चमत्कारको बारेमा केही लेखिरहेको छु ।"

उसले सोध्यो- "ऋद्धिको बारेमा हो कि क्या हो ?"



Downloaded from http://www.dhamma.digital

मैंले भनें- "बुद्धले प्रातिहार्य देखाउनुभएको स्वर्ग गएर अभिधर्मको कुरा बताउनुभएको जस्तो ऋद्धिको कुरा होइन। बुद्धले पानी र आगोजस्तै नमिलेकाहरूलाई कोशल राजाका नराम्रा दुइजनालाई मिलाइदिएको र सारिपुत्र महास्थविरले आफूलाई अकस्मात मुड्की हान्न आएको ब्राह्मणको घरमा भोजन गर्नुभएको जस्तो चमत्कारको कुरा आदि बारेमा लेख्दैछु।"

यति कुरा सुनिसकेपछि त्यो उपासकले आफ्नो बाजेको चमत्कारको कुरा सुनायो- "मेरो बाजे एउटा गाउँमा जानुहुँदा पैसा सापटी लिएको एकजना मानिस भेट्यो । अनि मेरो बाजेले भने, तिमीले लिएको पैसा दिने बेला भएको छैन र ?

त्यसबेला अरू साथीहरू पनि साथमा लिएर जानुभएको थियो। ऋण लिएका मानिसको पनि साथीहरू त्यहाँ थियो। त्यो पैसा सापटी लिएका मानिसले भन्यो- तिम्रो पैसा लिएकै छैन, असत्य कुरा गर्नुहुन्छ र ? यति भनी उसले बाजेको गालामा पिटिदियो ।

अनि मेरो बाजेका साथीहरूले पनि त्यो मानिसलाई समातेर पिट्यो रे- बडा हाम्रा साहुलाई पिट्ने भएको ।



Downloaded from http://www.dhamma.digital

त्यसबेला मेरो बाजेले भन्नुभयो- ए, ए, उसलाई नपिट । ऊ अज्ञानि भएर मेरो पैसा लिएर पनि लिएको छैन भनी मलाई नै पिट्यो । भयो, उसलाई नपिट । हामी पनि ऊ जस्तै अज्ञानि किन हुने ? उसको जय होस् ।

भोलिपल्ट बिहान सबेरै त्यो मान्छे पैसा लिएर मेरो बाजेकहाँ आएर क्षमा माग्न आए- हिजो साथीहरूको अगाडि पैसा लेऊ भनेकोले इज्जत गयो भनेर रिस उठेर साहुलाई पिट्न पुगें । मलाई हिजो रातभरि निन्द्रै लागेन । ल लिनुस् तपाईको पैसा ।

ऊ पैसा दिएर सरासर गयो । यो कस्तो मैत्रीको चमत्कार ।"

त्यो साहु दिनका दिन विहारमा जाने उपासक थियो । यस्ता उपासकहरू आजभोलि त्यत्ति देखिदैंन । अहिलेकाहरू भावना पनि गर्ने, कथा पनि भनिराख्ने, मान गर्दैन भनी रिसाएर बस्नेहरू हुन् । भिक्षुहरू पनि उपासकहरू पनि हेर्‍यो भने त्यत्ति फरक नदेखिने भइसक्यो । आ-आफ्नो गल्ति स्वीकार गर्ने बानी हराएर गइसक्यो । मैत्री चित्त बनाउन सक्यो भने कस्तो होला, होइन ?



Downloaded from http://www.dhamma.digital

# २. करुणा

माथि बुद्धको मैत्रीबल तथा पारिवारिक जीवनमा पनि देख्ने गरी फल दिएको घटनाहरू उल्लेख गरें। तर मैत्रीले मात्र सबै समस्याहरू नाश हुंदैन । जहाँ पनि मैत्री मात्र भएर पनि काम लाग्दैन । यो पक्कै पनि हो कि बुद्धको मैत्री शुद्ध भएकोले अरूहरूले उहाँलाई बिगार्न खोजे पनि बिगार्न सकेनन् । कुरा के भने नि अत्तेरी, जिद्दी भिक्षुहरूलाई उहाँ बुद्धको मैत्री पनि लागेन । देवदत्त भिक्षुलाई र हुल्याहा छब्बग्गिय ६ जना भिक्षु समूहलाई बुद्धको मैत्री काम लागेको देखिदैंन । त्यसो भनेर उनीहरूप्रति बुद्धको मैत्री र करूणा कम थिएन ।

मैत्री र करूणा काम नलागेकोहरूलाई उहाँले ब्रह्मदण्ड, त्यसो भनेको सामाजिक बहिष्कार गर्ने सजाय दिनुभएको कुरा पालि ग्रन्थमा धेरै देखिन्छ । यसबाट स्पष्ट हुन्छ, दण्ड पनि दिनुपर्छ ।



Downloaded from http://www.dhamma.digital

अब गौतम बुद्धमा भएको दोस्रो ठूलो गुण करूणाको कुरा उल्लेख गर्दछु। करूणा भनेको अरूहरूको दु:ख भएको र चोटपटक लागेको देख्दा भित्रैदेखि दया लाग्नु, माया लाग्नुलाई भनिन्छ। आफ्नो बच्चा रूने बेला आमाको मुटु चिलाएर दूध ख्वाउन मनलाग्ने करूणा चित्त भएकोले हो। हामी साधारण मानिसहरूले बाहिरबाट मात्र दया भएको जस्तो देखाउने बानी बुद्धमा छैन। दु:खीहरू देख्दा आफूले नै उद्धार गर्नुहुने बुद्ध हुन्। उहाँ धेरैजसो बिहान सबेरै उठेर आज म कसलाई उपकार गरूं भनी करूणासमापत्ति भन्ने ध्यानमा बस्नुभई विचार गर्नुहुन्छ।

❁❁❁

# बुद्धले रोगीको सेवा गरेको कुरा

एकदिन भिक्षुहरू बस्ने विहारमा बुद्ध घुम्न जानुभयो। त्यसबेला तिस्स भन्ने एकजना भिक्षु शरीरैभरि खटिरा आएर, त्यो जम्मै पाकेर, पीप जमेर, फुटेर कुहिएको जस्तै बसिरहेको थियो। उसको शरीरैभरि रगत र पीप मात्र भएर गन्हाएकोले भिक्षुहरूले सेवा गर्न पनि छोडिदियो। दिसापिसाब पनि ओछ्यानमै गरेर अनाथ वा अशरण भई बसिरहेको थियो।



Downloaded from http://www.dhamma.digital

बुद्धले त्यो तिस्स भिक्षुको दशा देख्नुभएर एक-दुईजना संगै आएका भिक्षुहरूलाई साथमा लिएर भान्छामा पानी तताउनुभयो । अरू भिक्षुहरूले घिन लागेर वास्ता नगरेको भन्ने कुरा जान्नुभएर त्यो भिक्षुको चीवरवस्त्र फुकाएर तातो पानीमा पखालेर घाममा सुकाइदिनुभयो । त्यो भिक्षुलाई खाटसमेत उचालेर भान्छामा लगी तातो पानीमा कपडा भिजाएर उसको शरीरलाई धोएर नुहाइदिनुभयो। त्यसबेला त्यो भिक्षुलाई नर्कबाट स्वर्गमा पुगेजस्तो नै आनन्द र सुखको अनुभूति भयो होला स्वयं बुद्धले नै सेवा गर्नुभएकोले ।

त्यसबेला भगवान् बुद्धले भिक्षुहरूलाई बोलाउनुभई भन्नुभयो- "**यो गिलानं उपट्ठाति, सो मं उपट्ठाति** अर्थात् जसले रोगीको सेवा गर्दछ, उसले बुद्धको सेवा गरेको हुन्छ । हे भिक्षुहरू ! तिमीहरू धर्मप्रचारको लागि घरखेत तथा आमाबुबा सबै छोडेर आएकाहरू, तिमीहरू परस्पर नै सेवा र स्याहार नगरे कसले रोगीको सेवा गर्नेछ ?"

जस्तो भन्ने हो त्यस्तै गर्नुहुने बुद्धको रूपमा यसबाट पनि स्पष्ट हुन्छ।

❀❀❀



Downloaded from http://www.dhamma.digital

# सुनीत पोडेप्रति बुद्धको करुणा

एकदिन गौतम बुद्ध सबेरै भिक्षा जानुभयो । त्यसबेला सुनीत भन्ने एकजना पोडे घण्टी बजाउँदै बढारिरहेको थियो । त्यसरी घण्टी बजाइरहेको किन भने घण्टी बजाएर बढारिरहेको भन्ने जानेर कोही पनि घरबाट निस्किदैनथ्यो । बिहान सबेरै पोडेको अनुहार देखिन्छ भनेर होला ।

बुद्ध सरासर त्यहाँबाट आइराख्नुभएको त्यो सुनीतले पनि देख्यो । उसको विचार थियो, घण्टी बजाएको बुद्धले सुन्नुभएन कि । उसलाई के गर्ने, के गर्ने भयो । कहाँ जाऊं कहाँ जाऊं भयो । भित्तातिर फर्केर टाउको लुकाएर बसिरह्यो । बुद्ध उसको नजिकै पुग्नुभएर बोलाउनुभयो- "ए सुनीत, तिमी किनडराएको ? तिमी पनि मानिस, म पनि मानिस, डराउनु पर्दैन ।"

सुनीतले भन्यो- "भो भगवन्, तपाईसँग म बोलेको कसैले देख्यो भने मलाई बाकी राख्ने छैन ।



Downloaded from http://www.dhamma.digital

तपाई यहाँबाट छिट्टै जानुहोस् । मैंले घण्टी बजाएर बढारिरहेको तपाईले सुन्नुभएन कि ?"

बुद्धले भन्नुभयो- "घण्टी बजाएको सुनेर नै म यहाँ आएको हुँ । म तिमीलाई उपकार गर्न भनी यहाँ आएको हुँ । तिमी सधैं यसरी अपहेलित भएर बस्ने र ? तिमी भिक्षु बन्न चाहन्छौ ?"

सुनीतले भन्यो- "भो शास्ता, मलाई सबैले घृणा गर्दछन्, छुन नहुने भन्छन् । तपाईले मलाई गिज्याइरहनु भएको हो र ?"

बुद्धले भन्नुभयो- "होइन, होइन, साँच्चै तिमीलाई इच्छा भएमा भिक्षु बनाइदिन्छु भनी म यहाँ आएको छु । जाऊं मसँग ।"

बुद्धले उसलाई विहारमा लगेर भिक्षु बनाई शुद्ध बनाइदिनुभयो । फेरि बुद्धले भन्नुभयो- "तिमी राम्रोसँग शिक्षा सिक । तिमीले बिर्सनु हुन्न, म ज्ञान सिकेर आध्यात्मिक उन्नति गरी पूजा गर्न योग्य हुनेछु, सम्मान गर्न योग्य हुनेछ, व्यवहार राम्रो बनाएर ज्ञानि हुनेछु । अनि मात्र तिमी माथि पुगेको हुनेछ ।"

त्यो सुनीतले बुद्धले भनेसरि बिहान सबेरै उठ्नासाथ र राति सुत्न अगाडि बुद्धको कुरा सुनेर



Downloaded from http://www.dhamma.digital

गुणधर्म अभ्यास गरी अरहन्त (शुद्ध) भयो । त्यसैले बुद्धले भन्नुभएको छ-

**न जच्चा वसलो होति, न जच्चा होति ब्राह्मणो ।**
**कम्मना वसलो होति, कम्मना होति ब्राह्मणो ॥**

अर्थ-

जन्मले कोही नीच हुँदैन, जन्मले कोही ब्राह्मण बन्दैन । कामले नै नीच र उच्च (ब्राह्मण) हुन्छ ।

यो भयो बुद्धको करूणा । हामीले आजभोलि पत्रिकाहरूमा पढ्ने गर्छौं, नदीमा बगाएर ल्याएको मानिसलाई बचाइदिएको पनि छ । दुर्घटनामा परेर चोटपटक लागेकोलाई अस्पतालमा पुऱ्याइदिएको छ । यो करूणाको चिन्ह हो । मानिसहरूले रक्तदान गरिराखेको करूणाको चिन्ह हो । कहीं मोटर फँसेको बेला ढक्का दिनुपर्ने हुन्छ । त्यसबेला करूणा भएकोले धक्का दिएर सहयोग गरिदिन्छ । करूणा नभएकाहरूले सहयोग गर्दैन । झन् तमाशा हेरेर बस्ने गर्दछ । कोही मानिस हिलोमा लडेमा करूणा नहुनेहरू हा, हा, हा गरेर अट्टाहास गर्दछन् । करूणा भएको मानिस भए ल, के भएको भनी सहयोग गर्न जान्छ, हात समातेर उठाइदिन्छ ।



Downloaded from http://www.dhamma.digital

मैंले असनमा एकजना भेटें महिलाले बाटोमा फालिराखेको केराको बोक्रा थुपारेर बाटोको छेऊमा फालिरहेको देखें किनभने केराको बोक्रामा चिप्लेर नराम्ररी लड्न सकिन्थ्यो। लडेर खुट्टा भाँचिन सक्थ्यो। असनमा नै एकपल्ट म केराको बोक्रामा चिप्लेर नराम्ररी लडिसकेको थिएं। त्यसैले त्यो महिलाले करूणा राखेर केराको बोक्रा थुपारी एक छेऊमा फालिरहेकी थिइन्। हामीले त्यसो गर्न नसके पनि केरा खाएर बाटोमा फाल्ने बानी नगरौं। अनि हाम्रो जीवन पनि माथि पुग्छ कि ! करूणामय हुन सकिएला कि !

Dhamma.Digital

❁❁❁



Downloaded from http://www.dhamma.digital

# ३. मुदिता

मुदिता अर्थात् अरूको राम्रो काम भएको देखेर प्रसन्न हुनसक्ने स्वभाव भएको मानिस महापुरूष हुनसक्छ । यो चतुर्ब्रह्म विहारको तेस्रो गुणधर्म हो । अरूको उन्नति भएको देखेर प्रसन्न हुने भनेको धेरैमा नभएको गुणधर्म हो । बरू उल्टो डाह, ईर्ष्या गर्ने स्वभाव भएको नै बढी देखिन्छन् यो समाजमा । यो अति सोभित नभएको समाजको रोग हो, दुर्गुण पनि हो ।

आमाबुबाले आफ्ना छोराछोरीहरू राम्रो भएर आएको, जाँचमा पास भएको, जागिर भेटिएको देख्दा खुशी हुन्छन् । यो पनि मुदिता गुण नै हो, तर यो चाहिं आफन्त र रगतको सम्बन्ध भएको मुदिता भएकोले शुद्ध मुदिता भन्न सकिंदैन ।

अंगुलिमाल ज्यानमाराको पहिलेको नाम अहिंसक थियो । ऊ असाध्यै ज्ञानि थियो । पढ्नमा पनि तेज थियो । गुरूको आज्ञा पालन गर्नमा पनि खूब



Downloaded from http://www.dhamma.digital

अगाडि थियो। अनुशासित भएकोले गुरूको विश्वासपात्र थियो। अरू विद्यार्थीहरू त्यस्तो थिएन। गुरूले धेरैजसो अहिंसकको गुणगान गर्ने भएकोले खुशी हुने त कता हो कता, झन् उसलाई नराम्रो गर्ने षडयन्त्र पो रच्न थाल्यो । उसलाई जसरी पनि खुट्टा समातेर पछार्न खोज्यो ।

उनीहरू अहिंसकको बारेमा भए नभएको कुरा बनाएर गुरूकहाँ चुकलि गर्न गयो। गुरूले पहिला त पत्याएन। एकदिन अहिंसक टाउको दुखाएर बसेको बेलामा गुरूमांले काखमा राखेर कपाल थिचिराखेको देखेर गुरूमांसंग अहिंसकको प्रेम भएको कुरा बनाएर गुरूलाई चुकलि गर्न गयो । आफ्नो स्वास्नीको बारेमा कुरा सुन्नासाथ गुरूको विवेकबुद्धि एकातिर पुग्यो । जोशमा होश भएन । आफूले मार्न नभएर मानिसहरूलाई मारेर औंलाका माला ल्याई गुरूपूजा गर्न ल्याउने आदेश दियो। अहिंसक पनि अन्धगुरूभक्तिमा पऱ्यो । मानिसहरूलाई मारेर औंलाको माला लगायो, अनि मानव दानव भयो । यसरी अंगुलिमाल ज्यानमारा भयो। यो अहिंसकका साथीहरूको मुदिता चित्त नभएको चिन्ह थियो ।



Downloaded from http://www.dhamma.digital

जापानमा एकजना रूपसुन्दरी छनौट गर्दा अर्को रूपसुन्दरी हुने आशा गरेकीले तेजाबको शिशीले हानेर अनुहारै कुरूप बनाइदियो। यो धेरै अगाडि नै पत्रिकामा छापिसकेको समाचार थियो । यो मुदिता चित्त अर्थात् प्रसन्न हुने स्वभाव नभएको कुरा हो ।

भगवान् बुद्धको पालामा एक गाउँमा एकजना भिक्षु विहारमा बसिरहेको थियो । पछि एकपल्ट सारिपुत्र भन्ते त्यहाँ आउनुहुँदा त्यो भिक्षुको दाताले उहाँलाई धेरै मान गऱ्यो। मिठो बनाएर पनि ख्वायो। त्यो देखेर त्यहाँ बसिरहेको सुधम्म भिक्षुको मनमा डाह भयो । नाम त राम्रै थियो तर ईर्ष्यालु स्वभावको रहेछ । त्यो उपासकको नाम मलाई सम्झेजति त चित्रगृहपति होला। त्यो उपासकलाई व्यंग्य हानेर त्यो भिक्षुले कुरा गर्न थाल्यो । अनि चित्तगृहपतिले पनि मनमा एउटा कुरा राखेर मुखले अर्कै कुरा गऱ्यो भनी भन्यो। त्यो भिक्षुले बुद्धकहाँ गएर फलानो उपासकले अपमान गऱ्यो भनी भन्न गयो ।

सबै सत्य तथ्य कुरा जानेर बुद्धले भन्नुभयो- भिक्षुकै गल्ति हो। तिमीले गल्ति स्वीकार गर, उपासकको कुनै गल्ति छैन । तिमीमा मुदिता चित्त छैन, ईर्ष्या मात्र छ ।



Downloaded from http://www.dhamma.digital

आजभोलि पनि थाइलैण्ड, श्रीलंका र यहाँ नेपालमा पनि कहीं कहीं विहारमा राम्ररी काम गरेर धर्मप्रचार गरेको हेर्न नसकेर मनमा डाह गरेर बस्ने मात्र होइन, बिगार्न खोज्ने पनि पाइन्छ । यो मुदिता चित्त नभएको चिन्ह हो ।

मुदिता चित्त भएको मानिस अरूको राम्रो काम देखेर खुशी हुन्छन्- अहा ! उसले खुब राम्रो काम गरिरहेको छ । हामीले पनि त्यसो गर्न सक्नुपर्छ । अरूको उन्नति हुने, भलो हुने देखेर प्रसन्न हुन्छन्, फलानाको मेहनत वा धेरै प्रयासले गर्दा जीवन सार्थक भयो, खानलाई धन्दा भएन, खूब कीर्ति राख्यो, नाम कमायो, आदि ।

राजनीतिक पार्टीमा पनि एक पार्टीले राम्रो काम गऱ्यो भने अर्को पार्टीहरूको ईर्ष्या लाग्छ । हामीले पनि जनताको हित हुने काम गरेर देखाउनुपऱ्यो भनी प्रेरणा र आदर्श नलिई उल्टो राम्रो गर्नेलाई पनि बिगार्ने प्रयास गर्दछन् । यो मुदिता चित्त नभएको चिन्ह हो ।

अन्तर्राष्ट्रिय क्षेत्रमा पनि एउटा सानो देशमा उद्योग धन्दा कारखानाले उन्नति गऱ्यो भने ठूल्ठूला देशहरूले सहयोग गर्ने त कता हो कता, खुशी हुने त



Downloaded from http://www.dhamma.digital

कता हो कता, आफ्नो सामान सस्तोमा दिएर कारखाना नै बन्द गराउन खोज्छन्। उदाहरणको लागि नजिकैको एक देशले गलैंचा र कपडा सस्तोमा नेपाल ल्याएर नेपालको गलैंचा र कपडाको कारखाना नचल्ने अवस्थामा पुऱ्याइदियो । यो पनि नजिकैको देशको मुदिता चित्त नभएको चिन्ह हो ।

हामीकहाँ महापरित्राण गर्ने लहर आइराखेको छ। लाखौं लाख रूपियाँ खर्च गर्नलाई कञ्जुस्याई छैन, साधारणरूपमा मात्र गरे त ठिक्कै थियो नि । धेरै बिलासि किसिमले गरेको देख्दा पनि मुदिता चित्त उत्पन्न नहुँदो रहेछ किनभने बाहिर बाहिर बुद्धधर्म प्रचार गर्नको लागि पुस्तक नै छैन। त्यसैले बुद्धधर्मको पुस्तक छापेर र गरीब विद्यार्थीहरूलाई छात्रवृत्ति दिएर अक्षयकोष बनाई त्यसको ब्याजले काम चलाउन पाए पनि हुन्थ्यो जस्तो लाग्छ । महापरित्राणको कुरा निकाल्दा अप्ठ्यारो पनि लाग्दछ, किनभने भिक्षुहरूको एउटा ठूलो आम्दानीको स्रोत नै यो हो ।

केही वर्ष अघि सन्ध्या टाइम्स पत्रिकामा बुधवार बुद्धधर्मको बारे एक पाना थप पृष्ठ युवा बौद्ध समूहको संयोजकत्वमा निस्किराखेको देखेर धेरैलाई खुशी लागेको



Downloaded from http://www.dhamma.digital

छ । यस्तोमा सहयोग दिए यो पनि महापरित्राण गरे समान हुन्छ जस्तो लाग्दछ । यस्तो काममा खुशी हुनु पनि मुदिता चित्त हो । श्रद्धावानहरूले यस थपपृष्ठ (धर्मप्रचार) लाई सहयोगस्वरूप युवा बौद्ध समूहलाई जन्मदिनको अवसरमा र निधन भइसकेको नाममा त्याग गरेमा दीर्घायुका साथ निरोगी पनि हुनेछ भन्ने विश्वास छ ।

यहाँ मुदिता चित्तको कुरा लेखिराख्नेमा पनि सधैं मुदिता चित्त छैन । यहाँ माथि पनि मुदिता चित्त नभएको कुरा आइसक्यो ।

त्यो दिन अषाढपूर्णिमाको उपलक्ष्यमा एक ठाउँमा प्रवचन गोष्ठी भयो । त्यहाँ बुद्धले यमक प्रातिहार्य ऋद्धि देखाउनुभएको बारेमा एकजनाले भन्यो- भिक्षुहरूले ऋद्धि देखाउनुहुँदैन भनेर बुद्धले नियम बनाउनुभयो तर बुद्धले नै आषाढपूर्णिमाको दिन ऋद्धि प्रातिहार्य देखाउनुभएको बेला बुद्धसँग प्रश्न भयो, तपाईले नै भिक्षुहरूलाई ऋद्धि देखाउनुहुँदैन भनेर नियम बनाइदिनुभयो तर फेरि तपाईले नै ऋद्धि देखाउनुभयो, के यो ठीक छ र ? त्यसबेला बुद्धले भन्नुभएको थियो रे, भिक्षुहरूलाई मात्र नियम बनाएको हुँ, आफूलाई होइन ।



Downloaded from http://www.dhamma.digital

यो त बुद्धलाई झारिराखेको कुरा हो । भिक्षुहरूलाई मात्र नियम हो, संविधान प्रशासकलाई (राजालाई) होइन भनेजस्तो पो भयो । यो कुरा सुनेर मेरो मुदिता चित्त नै हराएर गयो ।

आफ्नो आइमाईको सामु अरू आइमाईहरूको वर्णन र प्रशंसा गर्नु हुन्न रे । त्यसो हुँदा आफ्नी श्रीमतीमा ईर्ष्या जागेर मुदिता चित्त हराउँछ रे । यो बुद्धले भन्नुभएको कुरा हो । आफूलाई होइन भन्दा देशको संविधान जनताको लागिमात्र हो भनेसरि भयो ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# ४. उपेक्षा

चतुर्ब्रह्म विहारको पहिलो मैत्री, त्यसपछि करूणा, मुदिता र अन्तिमको उपेक्षा हो। मैत्री, करूणा र मुदिताले काम आएन भने उपेक्षाको प्रयोग गर्ने भन्ने बुद्धको कथन हो। यो व्यवहारिक पनि हो किनभने सबैमा मैत्री, करूणा र मुदिता गुण नहुन सक्छ। भए पनि व्यवहारमा प्रयोग गर्न सजिलो छैन, लाग्दैन पनि। अनि उपेक्षाभाव भएमा जीवन सहजरूपलेअघि बढ्छ।

Dhamma.Digital

## उपेक्षाको लक्षण

उपेक्षा चित्त भएमा जहाँ पनि कुनै भेदभाव नराखी समानरूपले हेरेर तटस्थ हुनसक्छ। मनपर्ने-नपर्ने कुनै भेदभाव रहँदैन। यो चाहिं बोधिसत्वहरूले पूर्ण गर्ने उपेक्षा पारमिताको लक्षण भयो।

यो कुरा सामान्य मानिसहरूको लागि पनि राम्रो भएता पनि व्यवहारमा प्रयोग गर्न सजिलो छैन।



Downloaded from http://www.dhamma.digital

गौतम बुद्धले भन्नुभएअनुसार सामान्य मानिसहरूले गर्नसक्ने चाहिं राम्रो देखेता पनि नदेखेजस्तो गर्ने, अनि त्यो राम्रो बारेमा धेरै कल्पना हुँदैन । मन नपर्ने देख्दा त्यो मन नपर्नेसँग बस्नुपर्दा नचिनेजस्तो गरी बस्ने अनि वैरभाव र रिस उठ्दैन । नचाहिने कुरा सुनाउन आउँदा पनि कुरा नसुनेर, नसुनेजस्तो गरिदिनुपर्दछ । नचाहिँदो कुरा गर्ने ठाउँमा पनि आफूले कुरा नगरी बस्नुपर्दछ । भएमा त्यस्तो ठाउँमा बस्दै नबस्नु राम्रो हुन्छ । सधैं मन नपर्ने मानिसहरूसँग बस्नुपर्दा त्यसको पनि के गुण छ, उसले उपकार गरेको छ भन्ने सम्भेर बस्दा उपेक्षा चित्त बलियो भएर आउँछ अनि मन आनन्द हुन्छ ।

शत्रु देख्दा शत्रुलाई बिर्सिदिने र अज्ञानि भएर त्यसो भयो, हामी किन अज्ञानि भएर बस्ने भनी उपेक्षा भाव राखेर बस्नुपर्छ । असल साथी देखेमा पनि धेरै मन परेको स्वभाव नदेखाई पक्षपात नगर्ने गर्नुपर्छ । बुद्धको अगाडि आफ्नो छोरा राहुल कुमार र दुष्ट देवदत्त दुबै बराबर ।

हामी सामान्य मानिसहरूलाई व्यवहारमा प्रयोग गर्न गाऱ्हो कुरा के हो भने मन पर्ने मानिसहरू देखेर



Downloaded from http://www.dhamma.digital

मन परेको स्वभाव नदेखाउने । यो सहज कुरा होइन । मन नपर्ने देख्नासाथ त नदेखेजस्तो गरूंला भनौं । कहीं कार्यक्रम बनाइराख्दा नभइनहुने ठूल्ठूलाहरूलाई भित्र्याउनुपर्दा कार्ड छ कि भनी सोध्ने कुरै आउँदैन । यहाँ पक्षपातको कुरा आउँछ । अनि उपेक्षा एकातिर पर्न जान्छ । त्यसो भएता पनि शान्ति मनपर्छ भने आनन्दित जीवन बिताउनको लागि यस्ता गुणधर्मको आवश्यक पर्न आउँछ ।

उपेक्षाभाव बलियो हुँदा चार अगतिमा बसेर अनैतिकमा परेर अकुशल काम गर्दैन । त्यसो भनेको मतलब हो-

१. ईच्छाको वशमा परेर मनपर्ने-नपर्ने भन्ने पक्षपाती गर्ने,
२. रिसको वशमा परेर,
३. भयको वशमा परेर, तथा
४. मोहको वशमा परेर कुनै पनि काम गर्दैन, कुरा पनि गर्दैन ।

१. इच्छाको वशमा परेर त्यसो भनेको मतलब लोभमा परेर, मनपर्ने-नपर्ने अथवा भेदभाव रोखर असत्य, नहुने पापकर्म गर्दैन । तिमीलाई एक लाख रूपियाँ



Downloaded from http://www.dhamma.digital

दिन्छु, फलानोलाई मारेर आऊ भन्यो भने पैसाको लोभमा मानिसलाई मारिदिन्छ। उपेक्षा बलियो भएको मानिसले यस्तो काम गर्दैन।

२. आफूलाई बिगारेको र नराम्रो काम गरिआएको सम्भेर रिसको भोंकमा बदला लिने, काट्ने काम गरिराख्छन्। उपेक्षा चित्त भएकालाई यस्तो बदला लिने काम गर्दैन।

३. भयको वशमा परेर नभएको-असत्य साछि बकेर मनिसहरूलाई बिगार्नेहरू छन्। असत्य, नभएको भनेर जान्दा जान्दै आफूलाई काम नलाग्ने मानिस, उसको कुरा सुनेन भने पछि गाऱ्हो पर्न सक्नेछ, आपत आउन सक्नेछ भनी अदालतमा असत्य साछि बक्नुपर्छ। उपेक्षा भाव भएको मानिसले यस्ता नभएको काम गर्दैन। मध्यस्थ भएर बस्छ। शुद्ध मनले तटस्थ हुन्छ। अवसरवादी हुने काम गर्दैन।

४. मोहको वशमा परेर पापकर्म गर्दैन। मोहको अर्थ दुई प्रकारका छन्- अज्ञानता र मूर्खता। अर्को चाहिं कुनै बस्तुहरूमा मोहित र आकर्षिक हुने हो। जस्तो कि बलात्कार गर्ने। यी पाप मोहित भएर गर्ने हो। कुनै वस्तु चोरेर खोसेर लिने पनि आसक्त भएर नै हो।



Downloaded from http://www.dhamma.digital

एउटा उदाहरण उल्लेख गर्दछु। एक सुनारको पसलमा हिरा भएको औंठी किन्न आएछ। औंठी सार्है राम्रो थियो । एकजना मानिसले हेरिराख्यो । उसलाई त्यो औंठी सार्है लोभ लाग्यो । उसले त्यसलाई खोसेर भाग्यो । त्यो मानिसलाई अरुले समातेर सोध्यो- "यहाँ हामीहरू बसिरहेको देखेनौ ?"

त्यो मानिसले जवाफ दियो- "मैले त कोही पनि देखिनं । मैंले त राम्रो औंठी मात्र देखें । म त औंठी देखेर मोहित भएं ।"

उपेक्षा चित्त बलियो भएको मानिसले यस्तो मोहको वशमा परेर मोहित भई पापकर्म गर्दैन ।

उपेक्षाचित्त भएकोले अष्टलोक धर्म देखेर विचलित हुँदैन । अष्टलोक धर्म भनेको लाभ, अलाभ, यश, अपयश, निन्दा, प्रशंसा, सुख र दुःख हो । यी आठ स्वभाव धर्मबाट कोही पनि मुक्त छैन । बुद्ध पनि यसबाट बचेको छैन । निन्दाबाट बच्ने को छ ? बुद्ध यी आठ अष्टलोक धर्म देखेर कत्ति पनि विचतिल र कम्पित हुनुभएन । हामी सामान्य मानिसहरू त्यसो होइन । तर उपेक्षाचित्त बलियो भयो भने हामी पनि कम्पित नभई, चिन्तित नभई बस्न सकिन्छ । उपेक्षा हुँदा सुख भए पनि दुःख भए पनि त्यस्तै, केही फरक देखिदैंन । सुख



Downloaded from http://www.dhamma.digital

भएमा मात्तिने स्वभाव हुँदैन । दुःख भएमा पनि चित्त दुःखाएर रोएर बस्नुपर्दैन ।

बुद्धलाई जति प्रशंसा गरे पनि निन्दा गरे पनि केही पनि असर पर्दैन । त्यसैले बुद्धले भन्नुभएको छ -

**सेलो यथा एक घनो, वातेन न समीरति ।**

**एवं निन्दा पसंसासु, न समिञ्जन्ति पण्डिता ॥**

अर्थात्-

एक विशाल ढुंगाको पर्वतलाई हावाले चलाउन नसकेसरि, पण्डित-विद्वान् (उपेक्षा बलियो भएको) लाई निन्दा र प्रशंसाले विचलित गराउन सकिदैंन । हल्लाउन सकिदैंन ।

यो उपेक्षा भनेको बोधिसत्वहरूले पूर्ण गर्नुहुने दशपारमितामध्ये सबैभन्दा पछिल्लो मूल्य बढी भएको गुणधर्म हो ।

बोधिज्ञान प्राप्त गर्न पूरा गर्नुपर्ने सात बोधिअंगमध्ये पनि एउटा मूख्य अंग हो- उपेक्षा । चतुर्ब्रह्म विहार धर्मको पनि सबैभन्दा पछिल्लो महत्वपूर्ण एक अंग हो- उपेक्षा । सारा जीवनलाई औषधीसरि कामलाग्दो गुणधर्म हो- उपेक्षा ।

Downloaded from http://www.dhamma.digital

# श्रद्धाधन

साधारण मानिसहरूको निम्ति रुपियाँ, घर-खेत, सुन, चाँदि आदि धनसम्पत्ति नभई हुँदैन । तर बुद्धको कथनअनुसार वास्तवमै असल र सत्पुरूष हुने हो भने माथि उल्लेख गरिएको भौतिक सम्पत्ति मात्र भएर पुग्दैन। महान् मानिस बन्न आध्यात्मिक गुणसम्पत्ति सातवटा नभई हुँदैन । ती हुन्-

१. **श्रद्धा-** विश्वास हो, अन्धविश्वास होइन । मनलाई फुकाएर प्रसन्न हुनसक्ने स्वभाव हो ।
२. **शील-** बानी राम्रो बनाइराख्नु, असल छ भनाएर बस्नु, व्यवहार शुद्ध बनाउनु हो ।
३. **लज्जा-** पापकर्म, अयोग्य काम गर्नमा लाज मान्नु ।
४. **भय-** असत्य र अयोग्य काम गर्नमा अरूले भन्ला, केही गर्ला भन्ने डर हुने स्वभाव ।
५. **श्रुत-** सुनी-पढी जानेबुझेको हुनु, ज्ञानि हुनु ।
६. **त्याग-** कन्जुसी स्वभाव नहुनु, दान गरिसकेपछि पश्चात्ताप नहुने स्वभाव ।



Downloaded from http://www.dhamma.digital

७. **प्रज्ञा-** विवेकबुद्धि । हो-होइन, हुन्छ-हुँदैन राम्ररी जान्नसक्ने विशेष बुद्धि ।

धन धेरै भएसरि श्रद्धा, आचरण राम्रो बनाउने धनले मानिसको मूल्य बढाइदिन्छ । श्रद्धा भएमा परस्पर विश्वास, माया, स्नेह हुन्छ । आफ्नो प्रयासले पत्ता लागेको बाटोमा गएर आफ्नो मनुसुवा पूरा गर्नेले पहिलो बाटो बताउनेमा र बाटोको बारेमा बुद्धिमत्तापूर्वक विश्वास हुनुपर्दछ । भनेको भरमा लाग्नु हुँदैन । श्रद्धा नभई उत्साह हुँदैन । बुद्धको शिक्षाअनुसार आध्यात्मिक र भौतिक उन्नति गर्न विकास गर्न उपकारक मूल अंग श्रद्धा हो । त्यसैले जुनै बौद्ध कार्यक्रम हुने बेलामा बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, संघं सरणं गच्छामि भन्न लगाउने हो ।

श्रद्धा दुई प्रकारका छन्-

१. **अन्ध श्रद्धा** र

२. **शुद्ध श्रद्धा** ।

अन्ध श्रद्धा र अशुद्ध श्रद्धा भनेको हो-होइन, ठीक छ-छैन, राम्ररी विचार नगरी, नबुझी लहलहैमा लागेर श्रद्धा हुनेलाई अन्धश्रद्धा र अशुद्ध श्रद्धा भनिन्छ । ज्ञान लिनेतिर ध्यान नदिई चमत्कार अलौकिक शक्ति,



Downloaded from http://www.dhamma.digital

आकाश मार्गबाट उडेर जानेपट्टि आकर्षित हुनु प्रज्ञा नभएको श्रद्धा अन्ध श्रद्धा हो ।

बुद्धलाई श्रद्धा राख्नेहरू विभिन्न प्रकारका थिए । जस्तो:

१. बुद्धको अनुहार राम्रो छ भनी श्रद्धाभक्ति राख्नेहरू,
२. बुद्धको उपदेश राम्रो छ भनी श्रद्धाभक्ति राख्नेहरू,
३. बुद्ध एक महान् त्यागी हो भनी श्रद्धा राख्नेहरू,
४. बुद्धको जीवन सादा र साधारण खाना खाने हुन् भनी श्रद्धा राख्नेहरू,
५. सहनशीलता र शान्त जीवन छ भनी श्रद्धा राख्नेहरू, आदि ।

अब यहाँ बुद्धको अनुहार देखेर खुशी भएका एक व्यक्तिको घटना प्रस्तुत गरूं । वक्कलि भन्ने एक युवक बुद्धको राम्रो अनुहार हेरिराख्नको निम्ति भिक्षु भयो । भिक्षु भएपछि दिनैभरि बुद्ध बसिराख्नुभएको ठाउँको अगाडि नै बसेर अनुहारमात्र हेरिराख्ने गर्थ्यो । मानौं प्रेम भएका दुई महिला-पुरूषले हेरिराख्नेजस्तो ।

त्यो वक्कलि भिक्षु एकै ठाउँमा नबसी वरपर उठेर, अगाडि दायाँ-बायाँ गरेर बुद्धको अनुहार हेरिरहन्थ्यो । यसले गर्दा धर्म कथा सुन्न आएकाहरूलाई



Downloaded from http://www.dhamma.digital

बाधा पुग्यो । अनि कथा सुन्न आएकाहरू कराउन थाले, "कस्तो हिसि नभएको भिक्षु होला ?"

बुद्धले विचार गर्नुभयो, यो अज्ञानि भिक्षुलाई मुटुमा बिझ्नेगरी नै एकपल्ट भन्नुपर्ला । उहाँले वक्कलिलाई बोलाउनुभई भन्नुभयो- "ए वक्कलि, तिमी कस्तो अज्ञानि भई मूर्ख भएका हौ ? ज्ञान लिने त कता हो कता, मेरो अनुहार मात्रै हेरेर बस्छौ । मेरो शरीरमा पनि मलमूत्र र हाड, छाला, मासु मात्र छ, तिम्रो शरीर मा पनि मलमुत्र र हाडछाला मात्र केही फरक छैन । धर्मलाई देख्यो भने बुद्धलाई देखेको हुन्छ। ज्ञान लिनेतिर हेर्नुपर्छ । अनुहारमात्र हेरेर बस्यौ । जाऊ, यहाँ मेरो अगाडि नबस ।"

यति कुरा सुन्नासाथ अन्ध श्रद्धाको वक्कलि भिक्षुलाई त तातो पानीले खन्याइदिएझैं भयो । उसले विचार गऱ्यो, म त बुद्धको अनुहारमात्र हेर्न भिक्षु भएको हुँ । ज्ञान लिनलाई होइन । बुद्धले नै मलाई निस्केर जाऊ भनेपछि बाँचिराख्नुको केही अर्थ भएन । बुद्धको अनुहार हेर्न नपाइने हो भने मर्नु नै राम्रो हुन्छ ।

यति विचार गरी त्यो वक्कलि त नजिकैको रूखको मुनि आत्महत्या गर्न तम्तयार भयो । यो कुरा



Downloaded from http://www.dhamma.digital

बुद्धले थाहापाउनु भयो। उहाँले विचार गर्नुभयो, वास्तवमै अज्ञानि रहेछ। उसकहाँ म अब जानुपर्‍यो।

बुद्ध सरासर वक्कलि भिक्षुकहाँ पुगेर टाउकोमा हात राखी सोध्नुभयो- "के गर्न लागेका हौ ?"

वक्कलि भिक्षुलाई बुद्धले टाउकोमा हात राख्नासाथ साऱ्है आनन्द लाग्यो। बुद्धको अनुहार देख्नासाथ उसको मन पनि कोमल भयो। उसले भन्यो- "तपाईले मलाई अगाडि नबस, निस्केर जाऊ भनेकोले बुद्धलाई नै मन नपरेको जस्तो लागेर घाँटी रेटी मर्छु भनी यहाँ आइरहेको हुँ।"

महाकरूणावान बुद्धले भन्नुभयो- "तिमीलाई मन नपरेर होइन। तिमी साऱ्है अन्धभक्त भयो। ज्ञान लिनमा ध्यान दिएनौ। अरूलाई बाधा पुग्ने गरी चलिराख्यौ। त्यसैले भनेको हुँ। तिमीलाई मन नपरेको भए म यहाँ आउने नै थिइनं नि।"

यति कुरा सुन्नासाथ वक्कलिले विचार गऱ्यो, साँच्चै बुद्ध यहाँसम्म आउने नै थिएन मलाई मन नपरेको भए। म नै मूर्ख भएं। बुद्धलाई चिन्न सकिनं। डाडुले तरकारीको स्वाद थाहा नपाउनेजस्तो भएं। बुद्धमा मप्रति करूणा र माया रहेछ। उहाँले



Downloaded from http://www.dhamma.digital

मेरो टाउकोमा हात राख्नासाथ कस्तो आनन्द भयो । अबदेखि म अन्धश्रद्धा र अज्ञानि हुने छैन ।

उसले हात जोडेर भन्यो- "भो शास्ता, म अज्ञानि हुँ, अबदेखि ज्ञानि हुनेछु ।

त्यहाँदेखि उसले खूब मेहनत गऱ्यो, सचेत भयो, विपस्सना ध्यान गरी आफूले आफैलाई चिन्यो, अन्तर्मुखी भई नराम्रो कल्पनालाई जडैदेखि उखेलेर फाल्यो, निस्वार्थी अरहन्त भयो ।

## श्रद्धाको लक्षण

**दस्सनकामो सीलवतं सद्धम्मं सोतु मिच्छति ।**
**विनेय्य मच्छेर मलं सवे सद्धोति वुच्चति ॥**

अर्थात्-

शीलवान दर्शन गर्न इच्छा भएको, धर्मको कुरा सुन्ने इच्छा भएको, कपटी स्वभाव नभएकोलाई श्रद्धावान् भनिन्छ ।

सामान्य मानिसहरूले श्रद्धा भनेको केहीं धर्म कर्म गर्ने ठाउँमा मात्र प्रयोग गरिरहेको छ । जस्तो कि कसैले कहीं देवताको मूर्ति भएको ठाउँमा फूल, धूप, चामल राखी पूजा गऱ्यो भने उसलाई श्रद्धा भएको



Downloaded from http://www.dhamma.digital

भन्यो । तर बुद्धको कथनअनुसार त्यसरी फूल राखी पूजा गर्नाको साथै घर-घरमा काम गर्नेमा पनि श्रद्धा हुनुपर्छ, त्यसो भनेको दिलैदेखि हेरेर राम्ररी काम गर्नुपर्छ। श्रद्धाले काम गर्ने गर्दा काम राम्रो हुन्छ। भात पकाउँदा श्रद्धाले पकायो भने ठिक्क हुन्छ। श्रद्धा नहुनेले मन नलागी नलागी काम गऱ्यो भने भात गिलो हुने, नपाक्ने हुन्छ । श्रद्धा नभएकोले कुचो लगाए पनि राम्ररी लगाउँदैन । कुचोको पुच्छरमात्र हल्लाउँछ । लुगा धोए पनि राम्ररी साबुन लगाउँदैन। श्रद्धा भएकोले राम्ररी दिलैदेखि साबुन लगाएर सफासँग धोइदिन्छ । बुद्धको शिक्षाअनुसार श्रद्धाको अर्थ यसरी जान्नुपर्ने हुन्छ। फूल, धूप बालेर पूजा मात्र गर्नेलाई बुद्धले श्रद्धा भनी भन्नुभएको छैन ।

अब फेरि एकपल्ट अशुद्ध श्रद्धा र शुद्ध श्रद्धाको कुरालाई अघि सारौं। भगवान् बुद्ध ८० वर्षको उमेरमा महापरिनिर्वाण (निधन) हुनुभयो । महापरिनिर्वाणपूर्व उहाँले भिक्षुहरूलाई बोलाउनुभई भन्नुभयो- "म सदाको लागि यो देह छोडेर जाँदैछु । तिमीहरू लापरवाही नगर्नु। सतर्क र होश राखेर बस्नु। **अप्पमादेन सम्पादेथ** अर्थात् होशियारीपूर्वक बस्नु, अल्छि नहुनु ।"



Downloaded from http://www.dhamma.digital

यति कुरा सुनेर पृथकजन (क्लेश बाकी रहेका अज्ञानिहरू) रूवावासी मच्चाउन थाले। त्यसमध्ये ज्ञान भएको धम्माराम भन्ने भिक्षुले विचार गऱ्यो, अहो, बुद्ध भएसम्म होश नराखी अल्छि भई बसें। अब उहाँको महापरिनिर्वाण हुन लागेको छ। अहिले समय बाकी छ, म प्रयास गरेर मनमा भएको क्लेश, नराम्रो बानिलाई हटाइदिनेछु।

यति विचार गरी त्यो भिक्षु एक रूखको मुनि गएर आनापानस्मृति (श्वास भित्र आएको बाहिर गएकोमा ध्यान राख्ने भावना, आफूले आफैलाई चिन्ने अन्तर्मुखी हुने अभ्यास गर्ने) अभ्यास गर्नथाल्यो। विपश्यना ध्यान गरेर आफूभित्रको क्लेश सबै जडैदेखि फाल्ने प्रयासमा लाग्नथाल्यो।

यता बुद्ध महापरिनिर्वाण हुने भयो भनी रोइरहेको भिक्षुहरूले धम्माराम भिक्षु एकजनालाई त्यहाँ नदेखेर कहाँ गयो भनी खोज्न गए। एउटा रूखको मुनि आँखा चिम्लेर ध्यान गरिराखेको धम्माराम भिक्षुलाई देखेर उनीहरूले भने- "ए, तिम्रो मुटुमा रगत छैन ? हामी त बुद्ध महापरिनिर्वाण हुन लाग्यो भनेर साह्रै चित्त दुखाएर रोइराख्यौं। तिमीलाई चित्त दुख्दैन ?"



Downloaded from http://www.dhamma.digital

त्यो भिक्षुले नसुनेजस्तो गरी विपश्यना ध्यान नै गरिरह्यो। अज्ञानि भिक्षुहरूले उसलाई च्याप्प समातेर बुद्धकहाँ लगे।

गौतम बुद्धले सोध्नुभयो- "किन उसलाई जबर्जस्ति यहाँ ल्याएको ?"

भिक्षुहरूले भने- मुटुमा रगत नभएको यो भिक्षुमा तपाईप्रति श्रद्धा नै छैन। तपाई महापरिनिर्वाण हुन लाग्नुभयो, तर पनि यसको मनमा कति पनि दुःख छैन।

गौतम बुद्धले सोध्नुभयो- "हो र धम्माराम, तिमीमा मप्रति श्रद्धा नभएको हो ?"

धम्माराम भिक्षुले भन्यो- "भो शास्ता, रोएर के फाइदा ? त्यसैले तपाई हुँदामै मार्गफल (निर्वाण) ज्ञान प्राप्त गर्नेछु भनी विपश्यना ध्यान गरी नराम्रो बानि त्याग्ने प्रयत्न गरिरहेको हुँ।"

अनि बुद्धले भन्नुभयो- "हे अज्ञानि भिक्षुहरू, तिमीहरू रोएर बसिराख्नेहरूको श्रद्धा वास्तविक होइन। त्यो धम्माराम भिक्षुको श्रद्धा शुद्ध र सक्कलि हो। तिमीहरूमा ज्ञान छैन, मूर्ख भएर बस्यौ। अप्रमादी (अल्छिरहित) भई आध्यात्मिक उन्नति गरी आचरण राम्रो गरेमा मात्र मप्रति शुद्ध श्रद्धा राखेको हुनेछ।"



Downloaded from http://www.dhamma.digital

यहाँनिर प्रशेनजीत कोशल राजाले बुद्धप्रति श्रद्धा राखेको कुरा पनि जान्न योग्य देखिन्छ । ती कोशल राजा बुद्धकहाँ गएर बुद्धको दुइटै खुट्टा समातेर म्वाई खाइरह्यो । अनि बुद्धले सोध्नुभयो- "महाराज, मप्रति यतिधेरै श्रद्धा भएको कारण के हो ?"

कोशल राजाले भने- "तपाई ज्ञानिको के कुरा गर्नु ? तपाईका शिष्य भिक्षुहरू पनि कति ज्ञानि, कति शान्तपूर्वक बाटोमा हिंड्छन् । स्वभाव नै कति शान्त छ । सबैभन्दा आश्चर्यलाग्दो कुरा त तपाईले धर्मदेशना गर्नुहुँदा सयौं भिक्षुहरू फिटिक्क नचली बसिराख्छन् । कुनै बेला एकजना भिक्षुले खोक्न लाग्दा पनि सँगैको भिक्षुले हातले थिची मौन बस्ने इशारा गरे । तपाईले कसरी यतिधेरैलाई राम्ररी तालिम गरिराख्नुभयो ?"

कोशल राजाले भने- "भो भगवन्, म एकजना राजा । मैंले मन्त्रीहरूलाई, भारदारहरूलाई काममा राखेको छु, गाडि (रथ) दिइराखेको छु । तर पनि उनीहरू मैंले भनेजस्तो छैन, मेरो कुरा सुन्दैन । मुखको अगिल्तिर मात्र ठिक्क गरी मान गर्दछन् । पछाडि पछाडि त के के भन्छ के के । मप्रति साँच्चैको श्रद्धा छैन । मैले पनि शुद्ध



Downloaded from http://www.dhamma.digital

श्रद्धाले मान गरिरहेको छु तर तपाईको उपदेशअनुसार काम गर्न नसकेकोले भारदार तथा जनताहरूले मप्रति श्रद्धा नराखेको भन्ने शंका छ। तपाईको चरित्र शुद्ध छ।"

यसरी श्रद्धाको महिमा धेरै छ। संक्षेपमा भन्ने हो भने पैसा र मानिसको मूल्य अभिबृद्धि गर्ने भनेको नै बुद्धको उपदेशसरि सत्पुरूष धन श्रद्धाले नै हो।

## शीलधन

रूपियाँ, सुन, चाँदी र घरखेत धनसम्पत्ति सँगै नभई नहुने बानि-व्यहोरा राम्रो बनाउने उत्तम धन हो- शील। शील मानिसको शोभा हो, तेज हो। कसैको बानि, स्वभाव, चालचलन नराम्रो भयो भने उसमा जतिसुकै धन भए पनि त्यो मानिसको मूल्य हुँदैन। चाला राम्रो नभएको मानिसलाई विश्वास गर्दैन। अनुहार राम्रो बानी नराम्रो भन्ने निन्दा सहेर बस्नुपर्ने हुन्छ। बानि राम्रो भन्ने उसको स्वभाव वा व्यवहारले गर्दा हुन्। यो कुरा बुझाउनको लागि एउटा दुइटा घटना उल्लेख गर्दछु।

म एकपल्ट धर्मप्रचारको कामले धरान र पोखरामा गएर फर्किरहेको बेला स्वयम्भूको पछाडि



Downloaded from http://www.dhamma.digital

चक्रपथकमा बसबाट ओर्ले । कति बेरसम्म ट्याक्सी-ट्याम्पु केही पनि थिएन । ट्याम्पु त नभए पनि हुन्छ । मीटर चाँडचाँडै घुमाएर ट्याक्सी सरह नै पैसा लिन्छ । त्यहाँ मलाई धेरै बेरसम्म पर्खिरहनु पऱ्यो । हिंडेर जानको लागि पनि सामान आफूले बोक्न सक्तिन । एकछिनपश्चात् एउटा ट्याक्सी मेरो नजिकै रोक्न ल्यायो । त्यसभित्रको एकजनाले मलाई सोध्यो- "कहाँ जानुपर्ने होला ?"

मैंले भनें- "ढल्को विष्णुमतीसम्म मात्र ।"

उसले भन्यो- "यो ट्याक्सी त्यतैतिर जाने हो, यसमा ठाउँ पनि छ, बस्नुभए हुन्छ ।"

म खुशीका साथ बसें । बाटोमा गइरहेको बेला त्यसमा रहेको एकजना मान्छेले ड्राइभरसंग सोध्यो- "फलानो ड्राइभरको हालखबर के छ नि ?"

ड्राइभरले भन्यो- "त्यो त साऱ्है चलाख रहेछ । मैलें ५०० कमाए उसले हजार कमाउँछ ।"

फेरि ट्याक्सीको मान्छेले भन्यो- "त्यो ड्राइभरको व्यवहार र बानि राम्रो छ, बोलिवचन नरम, इमान्दारीता छ । जहाँ पनि जानलाई नाईं भन्दैन । त्यसैले उसले कमाउन सक्छ ।"



Downloaded from http://www.dhamma.digital

यो चाहिं शीलस्वभाव राम्रो भएको कुरा भयो । मलाई पनि आनन्द लाग्यो । पीर हरायो । ठाउँमा पुगेपछि मैले ड्राइभरलाई सोधें- "कति पैसा चाहियो ?"

"हेरेर दिनुस् न ।", उसले भन्यो । मैले धेरैको अनुपातमा ६० रूपियाँ नै दिएँ ।

अब अर्को चाला नराम्रो भएको ड्राइभरको कुरा उल्लेख गरूं । धर्मप्रचारकै क्रममा म्याग्दी, बेनी बजार गएर फर्केको बेला नयाँ बसपार्क गोंगँबुमा ओर्लेको थिएं । एउटा ट्याक्सीमा बसेर थँहितिमा पुऱ्याइदेऊ भनें । आउँदा आउँदै ठमेलमा पुग्यो । त्यहाँ मोटरको भीड लागिरहेको थियो, मानिसहरू पनि धेरै नै थियो । यो देखेर ड्राइभरले भन्यो- "म यहाँबाट जाँदिनं ।"

मैले सोधें- "कहाँबाट जाने त ?"

उसले भन्यो- "उताबाट घुमेर जाने ।"

मसंग सामान थियो । हिंडेर जाने कुरै थिएन । जहाँबाट भए पनि जाऊं भनें । त्यो ड्राइभरले भद्रकाली, टुंडिखेल घुमाएर न्यूरोडबाट इन्द्रचोकमा ल्याइपुऱ्यायो । भेडासिंगको गल्लीबाट जान्नं भनेर मलाई इन्द्रचोकमै छोडिदियो । मलाई त ड्राइभरको नराम्रो व्यवहार देखेर



Downloaded from http://www.dhamma.digital

साऱ्है नै रिस उठ्यो। फेरि रिक्सामा बसेर आएं। पैसा पनि थुप्रै गयो। यहाँ ड्राइभर दुइजनाको घटना उल्लेख गरेको शीलको अर्थ बुझाइदिनको लागि हो।

एकदिन एकजना व्यक्ति बुद्धकहाँ आएर सोधे-

**किंसु याव जरा साधु, किंसु साधु पतिट्ठिता**
**किंसु नरानं रतनं, किंसु चोरेहि दूहरं।**

अर्थात्-

बूढाबूढी नभएसम्म राम्रो हुने वस्तु के हो ? सदैव प्रतिस्था भइराख्नको लागि दृढ बनाउनुपर्ने बस्तु के हो ? मानिसहरूको रत्न (धन) के हो ? चोरले चोरेर लान नसक्ने वस्तु के हो ?

भगवान् बुद्धको जवाफ थियो-

**सीलं याव जरा साधु, सद्धा साधु पतिट्ठिता,**
**पञ्ञा नरानं रतनं, पुञ्ञं चोरेहि दूहरं।**

अर्थात्-

बूढाबूढी नभएसम्म राम्रो हुने शील सदाचार हो। श्रद्धा बलियो भयो भने प्रतिस्था भइरहन्छ। प्रज्ञा मानिसहरूको रत्न हो। गरेको पुण्य कर्म चोरहरूले चोरेर लान सकिंदैन ।



Downloaded from http://www.dhamma.digital

यहाँ एउटै मात्र कुरा उल्लेख गर्दछु- बूढाबूढी नभएसम्म राम्रो हुने शील, व्यवहार राम्रो हुने बारे। म २०२८ सालतिर भोजपुर गएं। एक सय वर्ष जति भएकी एकजना बूढीको मृत्यु भयो। मलाई परित्राण पाठ गर्नको लागि बोलाइयो। त्यहाँ उक्त मृतक बूढीका तीनजना छोरीहरू ६५ वर्ष, ७०·वर्ष र ७५ वर्षका बूढीकन्याहरू छेउमै बसेर रोइराखे- "कहिल्यै हामीलाई चित्त दुख्ने गरी गालि नगर्ने हाम्री आमा परलोक भइन्।"

मेरो विचारमा त "दत्तले कुचाः मदेका विचाः" भन्ने नेवारी उखान जस्तो बाँचुन्जेल बेवास्ता नभएपछि वास्ता गर्ने मानिसहरू होलान्। मरिसकेपछि त्यसै रोइराखेका होलान्। मलाई रोइराखेकाहरूको कुरा कत्ति पनि पत्यार लागेको थिएन।

मृतकको शरीरलाई उठाएर मशानतिर लगिसकेपछि छिमेकीहरूसंग मैले सोधें- "त्यो मृतक बूढीका छोरीहरू रोइ-रोइ कहिल्यै पनि चित्त दुख्ने गरी गालि नगर्ने आमा बित्नुभयो भनिराखेको कुरा साँचो हो र ?"



Downloaded from http://www.dhamma.digital

उनीहरूले भने- "यो कुरा साँचो नै हो । त्यो बूढीले कसैलाई गालि गरेको सुनेको छैन । छिमेकीहरूसंगको व्यवहार पनि त्यत्तिनै राम्रो थियो, कसैसंग पनि मन नपरेको र रिसाएको भावले कुरा गरेको समेत थाहाछैन ।

यो घटना असाध्यै आश्चर्यजनक ऋद्धि जस्तो नै लाग्दछ । त्यत्तिका वर्षसम्म छोरीहरूलाई मुटुमा बिझ्ने गरी गालि नगरी बस्न सकेको । छोरीहरूले पनि गालि खाने कुनै कामै गरेन कि !

म एकजना भिक्षु, धर्मप्रचारक भएर पनि अरूलाई चित्त दुख्ने गरी कुरा नगरी बस्न सकेको छैन । त्यो बूढी त्यत्रो त्यत्रो वर्षसम्म भएकोले पनि कसैलाई चित्त दुख्ने गरी गाली नगरेको यो त साऱ्है राम्रो शील स्वभाव भयो । ठूलै चमत्कार भयो ।

भगवान् बुद्धले भन्नुभएको छ, बूढाबूढी नभएसम्म राम्रो हुने शील, सदाचार भन्नुभएको हो रहेछ भन्ने बुझें ।

शील दुई प्रकारका छन्-

१. **चारित्रशील,**

२. **वारित्रशील** ।



Downloaded from http://www.dhamma.digital

जुन काम गर्नाले कसैलाई बाधा पुग्दैन, बिग्रिदैंन, राम्रो नै भएर धेरैले आहा, राम्रो गऱ्यो भन्छ भने त्यसलाई चारित्रशील भनिन्छ । ठाउँ हेरेर राम्ररी बस्नजान्नु, त्यसो भनेको कुनै सभा हुने ठाउँमा पाहुनाहरूको आसनमा बस्न नजाने चारित्र शीलभित्र नै पर्दछ ।

धर्मको नाममा पशुहरूलाई मार्ने, हिंसा-कर्म गर्ने आदि नराम्रा कामहरु नगर्ने शील वारित्रशील हो । अर्को तरिकाले भन्ने हो भने जुन काम गर्नाले अरूले "छि ! छि ! त्यस्तो काम पनि गर्ने हो र ?" भन्ने खालको नराम्रो कामकुराहरू नगर्ने नै वारित्र शील हो ।

शील मानिसको शोभा हो, गहना हो । व्यवहार, बानि राम्रो बनाउनेलाई शील भनिन्छ। त्यसैले नै हो, बुहारी ल्याइदिने लमिलाई भनिन्छ, शीलस्वभाव राम्रो भएको बुहारी खोजिदेऊ है ! आजभोलि पढेलेखेका जान्नेहरूले राम्ररी दिलैदेखि काम गरेन भन्ने कुरा सुनिन्छ। शील स्वभाव नराम्रो भएकोले नै यस्तो भनिएको होला ।



Downloaded from http://www.dhamma.digital

# लज्जा र भय

**हिरि ओत्तप्प सम्पन्ना, सुक्क धम्म समाहिता**
**सन्तो सप्पुरिसा लोके, देवधम्माति वुच्चरे ।**

(देवधर्म जातक)

अर्थात्-

लाज, भय र शुद्ध गुणधर्म भएको सत्पुरूषलाई देवधर्म सम्पन्न भनिन्छ ।

सात आर्यधनमध्ये यहाँ तेस्रो र चौथो धनको बारेमा मात्र उल्लेख गर्न लागेको छु । पाप कर्म गर्नमा अर्थात् नराम्रो काम गर्नमा लजाउने लाज र अरूहरूले भन्ला, गर्ला भनी डराउने गुणधर्म भएन भने हामीमा भएको धनसम्पत्तिको कुनै मूल्य नै हुँदैन । नराम्रो काम गर्ने बेलामा जीउ जिरिंग हुने र केही अप्ठ्यारो भएर आउने भित्रबाट लाज लागेर आउँछ भने नराम्रो काम गरिराख्दा अरूले देखेको बेला आउने डर बाहिरबाट आउँछ ।



Downloaded from http://www.dhamma.digital

भगवान् बुद्धले भन्नुभएको छ-

**द्वे मे भिक्खवे धम्मा लोकं पालेन्ति । कतमे द्वे ? हिरिं च ओत्तप्पं च । (अंगुत्तरनिकाय)**

हे भिक्षुहरू ! दुई कारणले गर्दा यो संसारको रक्षा भइरहेको छ । ती दुई के के हुन् भने लज्जा र भय हुन् ।

लाज र डर नहुने हो भने मानिसहरूले जुनै पापकर्म गर्न पनि तयार हुन्छन् । आज जति पनि तस्करी, भ्रष्टाचार, बलात्कार, घुसखोरी भइरहेको छ, ती सबैजसो लाज र भय नभएर अनि जति भए पनि नपुग्ने स्वभाव, मोजमज्जामा पल्कने बानि भएर नै हो । जति भए पनि नपुग्ने लोभी स्वभाव भएकोले नै अयोग्य-अयोग्य काम गरिरहेका छन् । भने भनोस् न भन्ने अटेरी स्वभाव झन् डरलाग्दो हुन्छ ।

मानिसहरूले चार अवस्थामा पापकर्म गरिरहेको हुन्छ भन्ने कुरा शास्त्रमा उल्लेख गरिएको पाइन्छ-

**यौवनं धन सम्पत्ति प्रभुत्व मविवेकिना,**
**एकैकमप्यनर्थाय किमु यत्र चतुष्टयम् ।**

अर्थात्-

युवा अवस्था, धनसम्पत्ति प्रभुत्व र अविवेकपूर्ण भएर (विचार नगरी) काम गर्ने, यी चारमध्ये एउटा



Downloaded from http://www.dhamma.digital

मात्र अवगुण भएता पनि अनर्थ हुन्छ । चारैवटा भयो भने त भन्ने नै के ? जुनै नराम्रो काम हुनसक्छ ।

पाप गराउने अनर्थकारी यी चार कुराहरू यहाँ सदैव स्मरणीय रहेको छ-

१. युवा अवस्था,

२. धनसम्पत्ति,

३. प्रभुत्व, र

४. विचार नपुऱ्याई काम गर्ने ।

स्मरणीय अरू चारवटा कुरा पनि छन्, जुनले गर्दा मानिसहरू पापकर्म गर्नबाट बचिरहेको हुन्छ । ती हुन्-

१. जाति,

२. बैंश,

३. पुरूषार्थ, र

४. विद्वत्ता ।

१. **जाति-** नराम्रो काम गर्ने ठूला जातको काम होइन । हिंसा गरी मासु बेच्ने आदि काम तलका जातहरूको काम हो, म जस्तो उच्च जातकोलाई यस्तो नराम्रो काम गर्न सुहाउँदैन । यदि गऱ्यो भने लोकले मलाई के भन्लान् भनी लाज हुनेछ । लाजले गर्दा पापकर्म गर्नेछैन ।



Downloaded from http://www.dhamma.digital

२. **बैंश-** नराम्रो काम भनेको बच्चाहरूको काम हो । म जस्तो बैंश गइसकेकोलाई यस्तो नराम्रो काम गर्नुहुंदैन भनी पछि पर्दछ ।

३. **पुरूषार्थ-** बलियो नभएको र गरीबहरूले मात्र नराम्रो र चोर्ने काम गर्छ, म जस्तो पुरूषार्थ भएको, बलियो मान्छेले पापकर्म गर्नुहुँदैन भनी विचार गर्दछ ।

४. **विद्वत्ता-** केही नजाने-नबुझेका मूर्खहरूले मात्र अयोग्य पापकर्म गर्दछ । पण्डित विद्वान्हरूले गर्दैन । बहुश्रुत विद्वान्हरूले नराम्रो र अयोग्य काम गर्नुहुँदैन भनेर थाहा छ । इज्जत जानेछ, नाक काटिनेछ भनी नराम्रो कर्म गर्दैन । लजाएर बस्छ ।

यसरी चार कारणहरूले पापकर्म गर्नमा लाज मानेर बस्नुलाई हिरि अर्थात् लज्जा भनिन्छ ।

भय भनेको नराम्रो काम गर्न लाग्दा अरूले देख्लान् कि, गालि गर्लान्, निन्दा गर्लान् कि भनी डर लाग्ने स्वभावलाई भनिन्छ ।

**गरहिस्सन्ति तं विञ्ञु, असुचिं नागरिको यथा,**
**वज्जितो सील वन्तेही, कथं भिक्खु करिस्ससि ।**

अर्थात्-



Downloaded from http://www.dhamma.digital

विद्वान्हरूले तिमीलाई निन्दा गर्नेछ, जसरी कि नागरिकहरूले फोहर गन्हाउनेलाई घृणा गर्दछ, घिन मानेर बस्दछ, सच्चरित्र भिक्षुहरूले पनि एकातिर अलग्गै राखिनेछ। अनि के गर्ने ?

अब यहाँ लाज भएकोले भिक्षुत्वबाट पतन नभएको एउटा घटना प्रस्तुत गर्दछु।

एकजना राजा एक भिक्षुसंग संगत भयो। उक्त भिक्षुबाट बुद्धको उपदेश सुनेर राजा साह्रै प्रभावित भयो। त्यसो भनेको धेरै खुशीको श्रद्धा उत्पन्न भयो। राजाले आफ्नै दरवारको बगैचामा नै एक ठाउँमा विहार बनाइदियो अनि दिनका दिन त्यो भिक्षुलाई आफू जसरी खाने हो, त्यसरी नै भोजन गराई राखिराख्यो।

राजाको भोजनमा भएको मासु, माछा खाएर त्यो भिक्षुको बानी नै बिग्रिएछ। मासु नभइकन खाना नै नमिठो भएछ। एकादशी जस्तो दिनमा मासु नहुने रहेछ। त्यो भिक्षु नजिकै रहेको पोखरीमा माछा मारी खाने बानी भयो।

एकदिन धेरै बेरसम्म माछा समात्नमा लागिरह्यो। त्यसबेला दरबारबाट भोजन लिएर आयो। कोठामा भिक्षु थिएन। यताउता हेर्दै जाँदा



Downloaded from http://www.dhamma.digital

बल्छिमा माछा समातिरहेको भिक्षुलाई देख्यो। यो देखेर दरवारबाट आएका मानिसहरू रिसाए। यो त भिक्षु नै होइन, माछा मारेर खाने पो रहेछ भनी भोजन दरवार मै फिर्ता लिएर गयो। अनि राजाले सोधे- "किन त्यहाँ भन्ते (भिक्षु) हुनुहन्न र ? किन भोजन फिर्ता ल्यायौ ?"

उनीहरूले भने- "त्यो भिक्षु नै होइन। माछा समातेर बसिरहेको थियो।"

राजाले सोधे- "तिमीहरूले नै देखेको हो र ? त्यो भिक्षुले तिमीहरूलाई देख्यो कि देखेन ?"

उनीहरूले भने- "त्यो भिक्षु त हामीलाई मात्र देख्नासाथ लाजले बल्छि एकातिर फालेर लुक्दै विहारतिर गयो। हामीलाई सिधै मुखले पनि हेर्न लजायो। अनुहार पनि रातो देखिन्थ्यो।"

राजाले भने- "त्यसो हो भने त्यो भिक्षु नै हो नि। लाज भएसम्म त्यो भिक्षु नै हो। लाज नभए भिक्षुत्वबाट पतन हुनेथियो। त्यो भोजन उही भिक्षुलाई नै दिएर आऊ, जाऊ।"

मिठो खानु हुँदैन भन्ने छैन तर पल्किनु हुँदैन, नभई हुँदैन भन्नु हुँदैन। आसक्त हुनुहुँदैन, चाकुमा झिंगा टाँसिरहेझैं।



Downloaded from http://www.dhamma.digital

अर्को कुरा लाजले मानिसको मूल्य बढाइदिन्छ । अर्को राम्रो कुरा राजाले त्यो भिक्षुलाई निकालेर पठाएन । शान्ति भयो । लाज भएकोले भिक्षु नै हो भन्ने राजाको विवेकबुद्धिलाई मान्नैपर्छ। सम्झन योग्य छ ।

आरिस्टोटलका एकजना चेला नराम्रो ठाउँमा जाने बानि भयो । एकदिन त्यहाँका गुरूले देख्नासाथ लाजले उसलाई डरले टाउको निहुराउनु पऱ्यो । अनि उसले गुरूसंग क्षमा माग्यो ।

गुरूले भने- तिमी लाज मान्नुपर्ने र डराउनुपर्ने अहिले होइन । त्यहाँ जानु अगाडि नै लजाउनुपर्ने र डराउनुपर्ने हो । अब गएर आइसकेपछि पश्चात्ताप गरेर के गर्ने ?

आजभोलि बच्चादेखि युवायुवतीहरूमा लाज र भय नभएको कारण सिनेमा, भीडियो, टिभि, अश्लील पत्रपत्रिका आदि धेरै भएर आएकोले हो ।

❀❀❀

Downloaded from http://www.dhamma.digital

# श्रुतधन (सुनी-पढी हुने ज्ञान)

पहिला पहिला पुस्तक भनेको थिएन । कानले सुनेर मात्र जान्ने बुझ्ने गर्दथ्यो । जस्तो कि आजभोलि अन्धाहरूले सुनेरमात्र जान्ने बुझ्ने हो । सुनेरमात्र कण्ठ गरिराख्थ्यो । भगवान् बुद्धले बताउनुभएको उपदेशहरू पनि बुद्धको महापरिनिर्वाण भएको ४६८ वर्षसम्म भिक्षुहरूले कण्ठ गरिराखेको थियो । त्यसपछि मात्र श्रीलंकाका वट्टगामिनी (वलगम्बा) राजाको समयमा त्रिपिटक लिपिबद्ध गरिएको थियो ।

अब आज आएर सुनेरमात्र जानेबुझेको पर्याप्त छैन । तीर्थयात्रा गएर, पुस्तकहरू पढेर, रेडियो, सिनेमा आदि हेरेर पनि जान्नुर-बुझ्नु हुन्छ । जाने बुझेको छैन भने समाजले त्यत्ति मान्दैन, विश्वास गर्दैन । राजाले पनि मान्यता दिँदैन । पैसा धेरै भएमा मात्र मान्यता दिन्छ । पैसालाई मात्र मानेको भयो । मानिसलाई मानेको होइन ।



Downloaded from http://www.dhamma.digital

अब विशेषतः यहाँ धर्मको कुरा सुनेर विद्वान् र जानेबुझेको भएको र ज्ञानि भएको कुरा मात्र उल्लेख गर्नेछु । धर्मको कुरा सुनिराख्नु पर्दछ । त्यसो भनेको ज्ञान गुणको कुरा सुन्नुपर्छ ।

शाक्यमुनि बद्धले भन्नुभएको छ - धर्मको उपदेश सुन्नमा पाँचवटा फाइदाहरू हुन्छन् । ती हुन्-

१. **असुतं सुनाति**- सुन्न नपाएको कुरा सुन्न पाउँछ ।
२. **सुतं परियोदपेति**- सुनिसकेको शुद्ध हुन्छ ।
३. **कंखं वितरति**- मनमा लुकिराखेको शंका हट्छ ।
४. **दिट्ठिं उजुं करोति**- दृष्टि सोझो हुन्छ ।
५. **चित्तमस्स पसीदति**- सुन्नेको मन प्रसन्न हुन्छ ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# धर्मको कुराले चोरको मन बदल्यो

तथागत बुद्धले कथा सुनाउने ठाउँमा दुइजना पाकेटमारहरू महिलाहरूको फरियाको कुनामा पोको पारिराखेको पैसा काटेर लिने गर्दथे । एकदिन एकजना पाकेटमारको ध्यान उपदेशमा गयो । त्यसो भनेको मतलब कथा भनिराख्नुभएको ठाउँमा ध्यान गयो ।

शाक्यमुनि बुद्धले उपदेश दिनुहुँदै भन्नुभयो- "मानिसहरूले धेरैजसो नराम्रो, अरूलाई दुःख दिने काम गर्दछन् । अरूको वस्तु चोर्ने गर्दछन् । त्यसबेला ऊ डराएर बस्नुपर्छ । मनमा पीर र शोक भइरहन्छ । त्यस्ता मानिसहरूलाई अरूले विश्वास गर्दैनन्, पत्यार गर्दैनन् । त्यसो हुँदा त्यो मान्छेको जीवन राम्रो छ भन्न मिल्दैन । मर्ने बेलामा मन धुकधुक गराएर डराइरहनुपर्ने हुन्छ ।"

यो कुरा सुनेर पाकेटमारले विचार गऱ्यो,



Downloaded from http://www.dhamma.digital

मेरो साथीले फरियामा पोको पारीराखेको पैसा काटेर लगिसक्यो। मेरो मन आज कथा सुन्नमा गयो। वास्तवमै चोर्ने बानि राम्रो काम होइन । सधैं डराएर बस्नुपर्छ, मनमा आनन्द छैन। आजदेखि म चोर्दिनं। यस्तो काम अब गर्दिनं।

त्यो मान्छे खालि हात घरमा गयो। स्वास्नीले सोध्यो- “आज किन खालि हात आएको ?”

उसले जवाफ दियो- “चोर्ने काम छोडिसकें। आज बुद्धको कथा सुनेर मेरो मन बदल्यो। सधैं डराएर बस्नुपर्ने काम राम्रो छैन।”

स्वास्नीचाहिंले भन्यो- “तिम्रो साथीले कस्तो भोज खाएर मोज गरिरखेको छ। तिमी भने खालि हात आयौ । अब पेट पनि खालि गरेर बस । आज म तिमीलाई केही पनि खानेकुरा दिनेछैन।”

त्यो मान्छे सरासर बुद्धको ठाउँमा गएर वन्दना गरी भन्यो- “भो भगवन् ! म यहाँ सधैं कथा सुन्न आउनेहरूको पैसा चोर्ने मान्छे। आज तपाईको उपदेशमा मेरो मन गयो । तपाईको उपदेश सुनेर मेरो मन परिवर्तन भयो । चोर्ने काम छोडिदिएं । खालि हात आयो भनी घरमा स्वास्नीले गालि मात्र गरेको होइन, खाना पनि खुवाएन।”



Downloaded from http://www.dhamma.digital

बुद्धले भन्नुभयो- "संसारमा धेरै मानिसहरू त अज्ञानि नै छन् । अब तिमी खूब मेहनत गरेर पैसा कमाएर तिम्रो स्वास्नीलाई पैसा दिन जाऊ । अल्छि नहोऊ ।"

बुद्धको उपदेशअनुसार त्यो पाकेटमारले खूब प्रयास गरी पैसा कमायो । त्यसबेलादेखि उनीहरूको जीवन रमाइलोपूर्वक बित्न थाल्यो। उपदेश सुन्दा सुन्न नपाएको कुरा सुन्न पायो । मन नै आनन्द भयो ।

श्रीलंकाको पियदस्सि महास्थविर अफ्रिका जानुहुँदा एउटा जंगलमा घुम्न जानुभयो । एकजना युवकले गुलेलीले चरालाई हानेको देखेर उहाँले भन्नुभयो- "यसरी राम्ररी गीत गाएसरि गाएर जंगलकै शोभा बढाइरहेको चरालाई मार्दा तिम्रो चित्त दुख्दैन र ?"

"यस्तो कुरा अहिलेसम्म कसैले सुनाएको थिएन। अबदेखि कहिल्यै म यस्तो काम गर्दिनं।" भन्दै उसले त्यहाँदेखि चराहरूलाई मारेन रे ।

अर्को एउटा बुद्धकालीन घटना उल्लेख गरूं । अनाथपिण्डिक महाजनका दासी बरोबर बुद्धको कथा सुनेसरि दिलैदेखि आफ्नो कामकर्त्तव्य पालन गरिबसेकी थिइन्। तिनी एकपल्ट पुष महिनाको जाडोमा



Downloaded from http://www.dhamma.digital

बिहानै नदीमा गएर पानी लिन गइन्। त्यसबेला एकजना ब्राह्मण बाजे स्यु ! स्यु ! कराउँदै नदीमा नुहाइरहेको थियो।

तीपूर्णिका दासीले विचार गरिन्, म त मेरो मालिकले गालि गर्लान् भनी जाडो नभनी पानी लिन आएं। यी ब्राह्मण बाजे कोदेखि डराएर नुहाइरहेका होलान्।

तिनीले सोधिन् पनि- "बाजे, तपाई को देखि डराएर एकाबिहानै जाडोमा नुहाइरहेका हौ ?"

ब्राह्मण बाजेले भन्यो- "नानी, कोही देखि डराएर पनि होइन। मैंले पाप गरेको छु र त्यो पापलाई पखाल्नको लागि नदीमा नुहाइरहेको हुँ।"

पूर्णिका दासीले भनिन्- "बाजे, नदीमा नुहाएर पाप पखालेर जाने हो भने बाजेको धर्म पनि त पखालेर जान्छ नि। बाजे, चित्त शुद्ध हुंनुपर्छ, अरूलाई दुःख हुने काम गर्नुहुँदैन। अरूलाई बाधा पुग्ने गरी कुरा गर्नु हुँदैन। मन शुद्ध हुनुपर्छ। काम राम्रो हुनुपर्छ। नुहाएर पाप कट्ने भए जहिले पनि पानीमा बस्ने माछाहरू, भ्यागुटाहरू, कछुवा, गोहीहरू बाजेभन्दा पनि धर्मात्मा भयो होलान् नि।"



Downloaded from http://www.dhamma.digital

ब्राह्मण बाजेले भन्यो- "ए नानी ! तिमीले यो कुरा कहाँबाट सिकेका हौ, कहाँ सुनेको हो ?"

पूर्णिकाले भनिन्- "यो कुरा हाम्रो मालिक अनाथपिण्डिक महाजनकहाँ भगवान् बुद्ध आउनुभएर बरोबर कथा भन्नुहुन्छ । धेरै जसो उहाँले कथा भन्नु हुँदा चित्त शुद्ध गर्नुपर्छ, दिलैदेखि काम गर्नुपर्छ भनी सिकाउनुहुन्छ ।"

"ए ! भगवान् बुद्धसंग सुनिराखेको पो त ? हामीलाई त हाम्रा गुरूहरू र पिता, बाजेले भगवान् बुद्धको उपदेश सुन्नु हुँदैन भन्ने गर्नुहुन्छ। यस्तो महिलाले भगवान् बुद्धको उपदेश सुनेर कति राम्ररी भन्न जानेको । साँच्चै भगवान् बुद्धकहाँ गएर उहाँको धर्मउपदेश सुन्न पाएर कति राम्रो हुने थियो ।"

अनि उसले भन्यो- "ए नानी ! मलाई भगवान् बुद्धकहाँ लगिदेऊ न ।"

पूर्णिकाले उसलाई बुद्धकहाँ लगिदिइन् । बुद्धलाई वन्दना गरी ब्राह्मणले भन्यो- "भो भगवन् ! तपाईको उपदेश सुनिराखेकी यी महिलाले मेरो मनै परिवर्तन गरिदियो । म त तपाई मन नपराउने मान्छे। तपाईको उपदेश सुन्नु हुँदैन भन्ने । यो महिलाको कुरा सुनेर यहाँ आएको छु । केही कुरा बताउनुभए हुन्थ्यो ।



Downloaded from http://www.dhamma.digital

भगवान् बुद्धले भन्नुभयो-

**सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा ।**
**सचित्त परियोदपनं, एतं बुद्धान सासनं ।।**

अर्थ-

पापकर्म गर्नु हुँदैन, पुण्यकर्म गर्नुपर्छ, चित्त शुद्ध हुनुपर्छ, यही बुद्धहरूका उपदेश हुन् ।

वास्तवमा पापकर्म नगरेर मात्र पुग्दैन, पुण्यकर्म गरेर मात्र पनि पुग्दैन, चित्त पनि शुद्ध हुनुपर्छ । दृष्टि पनि सोझो हुनुपर्छ ।

यति कुरा सुनिसकेपछि ब्राह्मण बाजे निक्कै प्रभावित भयो- “पूर्णिका नानीले भनेको कुरा पनि यही हो । भो भगवन् ! चित्त शुद्ध गर्नुपर्ने कुरा धेरै नै राम्रो भए पनि बुझ्न सजिलो छैन । दुःखबाट मुक्त हुन यो कुरा नबुझी पुग्दैन । तपाईले अलिकति भएपनि कुरा बताउनुभएको अति नै मूल्यवान् भयो, अँध्यारो ठाउँमा बत्ति बालिदिंदा आँखा नहुनेहरूको आँखा भएसरि, बाटो अल्मलिएकाहरूलाई बाटो देखाएझैं तपाईको उपदेश छर्लंग भयो । आजदेखि अन्धविश्वास छोडेर तपाईको शरणमा आएं ।”



Downloaded from http://www.dhamma.digital

यो कथामा बुद्धले भन्नुभएको कथा सुन्दाका पाँच फाइदाहरू सुन्न नपाएको सुन्न पाउँछ, सुनेको कुरा अशुद्ध भए शुद्ध हुन्छ, शंका हटेर जान्छ, दृष्टि सोझो हुन्छ र चित्त प्रसन्न हुन्छ भन्ने पाँच बुढा ब्राह्मण बाजेलाई प्राप्त भयो । त्यो ब्राह्मण बाजेले सुन्न नपाएको कुरा सुन्न पायो । बुद्धको उपदेश सुन्नुहुँदैन भन्ने सुनिराखेको कुरा शुद्ध भयो । शंका पनि हट्यो, बांगो दृष्टि पनि सोझो भयो । चित्त पनि प्रसन्न भएर खुशी भयो ।

पढेलेखर बहुश्रुत हुने पनि एउटा आध्यात्मिक धन हो । एउटा अक्षर नजाने पनि अनाथपिण्डिक महाजनका दासी पूर्णिका बुद्धको उपदेश सुनिराखेकोले ज्ञानमा धनी भइन् ।

कथा सुन्नेहरू विभिन्न प्रकारका हुन्छन् । जस्तो:

१. **अवकुज्जपञ्ञो पुग्गलो**- प्वाल परेको भाँडोसरि बुद्धि,
२. **उच्छंगपञ्ञो पुग्गलो**- काखमा चिउरा राखेर उठ्दा सबै पोखिनेसरि बुद्धि,
३. **पुथुपञ्ञो पुग्गलो**- नचुहिएको भाँडासरि बुद्धि ।

१. प्वाल परेको भाँडोमा जति राखे पनि चुहिएर जानेसरि कथा सुन्नेहरू पनि जतिसुकै सुने पनि डिमागमा नरहने हुन्छ । दाहिने कानले सुनेर



Downloaded from http://www.dhamma.digital

बाहिने कानबाट बाहिर पठाइदिने । यो पहिलो वर्गका कथा सुन्नेहरू हुन् ।

२. अर्को एक वर्ग कथा सुन्नेहरू यस्ता पनि छन् कि सुनिराख्दामात्र सम्भिःरहन्छन् तर त्यहाँबाट उठेर गइसकेपछि बिर्सिदिने ।

३. अर्को एक वर्ग यस्ता पनि छन्, कथा सुनेको सबै कुरा पछिसम्म पनि सम्भिःराख्नेहरू । नचुहिने भाँडोमा पानी राख्दा भरिएर रहने जस्तो ।

कथा सुनेसरि पालन गर्न पनि सजिलो छैन, सुनाएसरि व्यवहारमा प्रयोगगर्न सजिलो छैन । यस्तो भएको कारण बुद्धले के भन्नुभएको छ भने धान रोप्दा घाँस पनि उम्रेर आउनेसरि नराम्रा मानिसहरू पनि भएकोले हो । त्यसैले होला बुद्धले भन्नुभएको, मन नपर्नेहरूसंग बस्नुपर्ने पनि दुःख, मनपर्ने र राम्रोहरूसंग अलग्गिएर बस्नुपर्ने पनि दुःख नै हो । आफूले भनेजस्तो नहुनु भन् दुःख हो ।

सुनेको कुरा बुझेर लिन पनि सजिलो छैन । एकपल्ट बुद्धले अति मन परेकोले दुःख भएको कुरा एकजना तन्नेरी छोरा मरेको साहुलाई भन्नुहुँदा कसैले पनि बुझ्न सकेको थिएन ।



Downloaded from http://www.dhamma.digital

# धेरै मन परेकोले दु:ख

बुद्धका समयमा एकजना साहुका तन्नेरी छोरा अचानकै मऱ्यो । तरूण छोरा मऱ्यो भनी बाबुचाहिंलाई दु:ख हुने, पीर र शोक हुने स्वाभाविक नै भयो । त्यो साहुको मन स्थिर हुन सकेन । सुत्न पनि सकेन, खान पनि मन लागेन । बसेबसेको ठाउँमा शान्तले बस्न सकेन । पागलसरि भयो । अनि उसका साथीहरूले भगवान् बुद्धकहाँ एकपल्ट गए हुन्छ भन्ने सुझाव दिए ।

त्यो साहु सरासर बुद्धकहाँ गएर बस्न गयो । बुद्धले सोध्नुभयो- "तपाईलाई के भयो र ? अनुहार निन्याउरो देखिन्छ । मन पनि स्थिर छैन जस्तो छ ।"

साहुले भन्यो- "भो भगवन् ! म एकजना दु:खी । मेरो युवक छोराको मृत्यु भयो । त्यसैले असाध्यै शोक भएर चित्त दुखिरहेको छ । यसरी एकदम चित्त दुखेको के कारणले होला ?"



Downloaded from http://www.dhamma.digital

भगवान् बुद्धले भन्नुभयो- "अति मन परेकोले चित्त दुखेर शोक भएको हो ।"

बुद्धको यो कुरा सुन्नासाथ साहुलाई झनक्क रिस उठ्यो । उसले भन्यो- "तपाईले असत्य कुरा गर्नुभयो। मन परेर पनि दुःख हुन्छ र ? मन परेकोले त सुख मात्र हुन्छ ।"

यति भनी त्यो साहु बुद्धले असत्य कुरा गर्नुभयो भनी कराउँदै त्यहाँबाट बाहिर निस्क्यो । छोरा मरेको कुरा पनि बिर्स्यो । बुद्ध सम्झेर रिसमात्र उठाइरह्यो । बुद्धले पनि उसको मन अन्तै पठाउनुपर्ने भएकोले पनि यस्तो कुरा भन्नुभएको थियो ।

त्यो साहु बाहिर आएर तास खेलेर बसिरहेका मानिसहरूकहाँ गएर भन्यो- "ल भद्रपुरूषहरू ! मन परेर पनि दुःख हुन्छ भन्ने कुरा पत्यार लाग्छ र ?"

तास खेलिरहेको मानिसहरूले भने- "कसले भन्यो यस्तो कुरा ? मन परेर सुख मात्र हुन्छ, दुःख हुँदैन ।"

साहुलाई खुशी लाग्यो । छोरा मरेको कुरा बिर्स्यो । टोल-टोलमा गएर बुद्धले झुठो कुरा गरे भनी सुनाउँदै हिंड्न थाल्यो । नगर नगरमा बुद्धले असत्य



Downloaded from http://www.dhamma.digital

कुरा गरेको भनी चर्चा हुनथाल्यो । राजदरवारमा समेत यो कुरा पुग्यो । कोशल राजाले पनि बुद्धका कुरा बुझेन, मन परेकोले दुःख हुन्छ । राजाले आफ्नी महारानी मल्लिकादेवीलाई बोलाएर सोधे- "ए महारानी, भगवान् बुद्धले मन परेकोले दुःख हुन्छ रे । यो त नमिल्ने कुरा भयो । तिमीलाई यो कुरा कस्तो लाग्छ ? बुद्धले भन्नुभएको यो कुरा मिल्छ र ?"

मल्लिका महारानीले भनिन्- "बुद्धले यस्तो कुरा गर्नुभएको भए ठीक छ, मिल्छ ।"

मल्लिकाको कुरा सुनेर राजालाई रिस उठ्यो । मल्लिकादेवीले बुद्धकहाँ कुरा बुझ्न पठाइन्- "भो भगवन् ! तपाईले मन परकोले दुःख हुन्छ भनी कसलाई भन्नुभएको हो ? किन भन्नुभएको हो ?"

बुद्धको जवाफ थियो- "फलानो साहुको एक्लो छोरा मरेको थियो । उसलाई आफ्नो एक्लो छोरा एकदम मनपर्ने भएकोले अति दुःख भयो । मन नपर्ने भए दुःख हुने थिएन । मनले मन पराएर बलियो गरी समातेर राख्यो भने दुःख हुन्छ । मन नपरे, बलियो गरी समातेर बस्दैन अनि दुःख हुँदैन ।



Downloaded from http://www.dhamma.digital

मल्लिका महारानीले बुद्धको कुरा बुझिन् । कोशल राजाकहाँ गएर सोधिन्- "महाराजालाई म कति मनपर्छ ?"

राजाले भने- "मलाई तिमी मन परेको मात्र होइन, धेरै नै मनपर्छ । तिमी धेरै हिस्सी छौ, राम्री पनि छौ ।"

मल्लिका महारानीले सोधिन्- "यदि म मऱ्यो भने महाराजलाई दुःख हुन्छ कि हुँदैन ?"

राजाले भने- के कुरा गरेकी ? त्यस्तो कुरा पनि गर्ने हो ? मलाई त असाध्यै दुःख र शोक हुनेछ ।

मल्लिकाले भनिन्- "किन त महाराजलाई दुःख हुने ?"

राजाले भने- "मलाई तिमी धेरै मन पर्छ नि । धेरै मन परेकोले दुःख हुने हो ।"

मल्लिका महारानीले भनिन्- "बुद्धले भन्नुभएको कुरा पनि यही त हो नि । धेरै मन परेकोले दुःख हुन्छ भन्नुभएको ।"

राजाले पनि कुरा बुझे । सबै जनतालाई एक ठाउँमा जम्मा हुनको लागि घोषणा गरिदियो । सबै जम्मा हुन आए ।



Downloaded from http://www.dhamma.digital

राजाले भने- "भगवान् बुद्धले झुठो कुरा गर्नुभएको होइन। सत्य नै कुरा गर्नुभएको हो। हामीले बुझेनौं। फलानो साहुले पनि बुझेन। एक्लो छोरा मरेकोले दुःख भएको छोरा धेरै मन परेकोले हो। मन नपरेको मान्छे मरे पनि दुःख हुँदैन। कुनैमा पनि धेरै मन पराएर टाँसिएर बस्नुहुँदैन, आसक्त हुनुहुँदैन भन्नुभएको हो।"

त्यसपछि बुद्धप्रति भएको भ्रम पनि हट्यो। एक्लो छोरा मरेर दुःखी भई शोक गरिरहेको साहुलाई पनि मन आनन्द भयो। सुनी-बुझी ज्ञान हुन्छ भन्ने कुरा यहाँ उल्लेख गरेको घटनाले स्पष्ट भयो होला। सुनी-बुझी ज्ञान हुने पनि एउटा ठूलो धन हो। नत्र त पैसा धेरै भएर पनि शोक र पीर लिएर बस्नुपर्ने हुन्छ।

ठूलो भनेको पैसा हुनेहरूलाई भनिदैंन। सुनी बुझी बहुश्रुत हुनेहरू पनि ठूलैको क्रममा रहन्छ। धनसम्पत्ति धेरै भएता पनि नजाने-नबुझेको भएर बस्नुपर्‍यो भने मानिसहरूको बीचमा धेरै टिकेर बस्न गाह्रो हुन्छ।



Downloaded from http://www.dhamma.digital

# त्यागधन

त्याग एउटा महापुरूषको लक्षण हो । पैसा भएसरि त्याग गरेर बस्नसकेमा महापुरूषझैं मन बलियो पारेर आनन्दले बस्न पाइन्छ । त्याग चेतना भएको मानिस शुद्ध धर्मात्मा हुन्छ । दान धेरै दिँदैमा धर्मात्मा हुँदैन । उसको चेतनाअनुसार मात्र धर्मात्मा र त्यागी हुन्छ ।

अरूलाई देखाउन र हाम्रो टोलमा सबैले दान दियो, हामीले पनि दान दिनुपर्‍यो भनी अनि अरूको भन्दा कम गरेर दान दिन्न भन्ने विचारले दान दियो भने त्यो वास्तविक त्याग चेतनाले दिएको हुँदैन । परोपकारको निम्ति मनैदेखि कुनै पनि आशा नराखी दिनेलाई त्याग चेतना भनिन्छ । दिइसकेको बस्तुलाई बारम्बार सम्झेर नबस्ने, मनले बलियो गरी समातेर नबस्नेलाई त्याग चेतना भनिन्छ । यो कुरा बुझाउनको लागि एउटा- दुइटा घटना उल्लेख गर्दछु ।



Downloaded from http://www.dhamma.digital

हिन्दुस्तानको कुरा हो । भारतका नामी नामी हिन्दु साधुहरू थिए । त्यसमध्ये विश्व प्रसिद्ध विद्वान् विवेकानन्द स्वामी हुन् । उनी गंगानदीको किनारै किनार बाट घुम्न गएको बेला साधुहरू धेरै बसिरहेको देख्यो । एकजना साधुलाई सोध्यो- "साधु भएको कति भयो ?"

त्यो साधुले जवाफ दियो- "४० वर्ष भइसक्यो । त्यत्तिमात्र होइन, लाखौं लाख सम्पत्ति पनि त्याग गरेर आएको ।"

त्यो साधुको कुरा सुनेर स्वामी विवेकानन्दले भने- "तिमी साँच्चैको त्यागी साधु रहेनछौ किनभने साधु भएको ४० वर्ष बितिसकदा पनि तिम्रो मनले लाखौं लाख धन त्याग गरेर आएको कुरा बिर्सन सकेको छैन । धनको कुरा मनमा कसरी बसिरहेको ?"

यो घटनाबाट थाहा हुन्छ, त्याग चेतना भनेको भित्री हृदयबाट चटक्कै छोडेर पठाउनुपर्ने कुरा हो ।

एकजना मानिसका साथी व्यापारमा नराम्ररी बिग्रेर गरीब भयो । उसको लुगा एकजोर पनि राम्रो लगाउने भएन । पुरानै लुगा लगाएर साथीको घरमा आयो । उसको पुरानो लुगा देखेर साथीचाहिंलाई दया लाग्यो । उसलाई नुहाएर आफ्नै एकजोर नयाँ लुगा



Downloaded from http://www.dhamma.digital

लगाउन दियो । त्यही साथी लिएर बाहिर घुम्न निस्क्यो । अरू साथीहरूको घरमा पनि लिएर गयो । त्यहाँ साथीहरूले नयाँ लुगा लगाएर आएको साथीलाई मात्र हेरिराखेको देख्यो । अनि लुगा दिने साथीले भन्यो- यो लुगा मैंले नै दिएको हुँ ।

त्यहाँबाट निस्किसकेपछि नयाँ लुगा लगाएर आउने साथीचाहिं रिसाएर भन्नथाल्यो- "मलाई बेइज्जत गर्न यो लुगा लगाउन दिएर साथीहरूको घरमा लगेको हो ? ल तिम्रो लुगा ।"

अनि लुगा दिने साथीले भन्यो- "च्वाक्कै भनिएछु, नरिसाउन ल !"

फेरि अर्को ठाउँमा लिएर गयो । त्यहाँ पनि सबैले नयाँ लुगा लगाएर आएकोलाई नै मात्र हेरिराख्यो । लुगा दिने साथीलाई पनि लाग्यो, लुगा त साऱ्है नै राम्रो दिएछु ।

अनि फेरि उसले भन्यो- "त्यो लुगा मैंले दिएको हुँ ।"

यसरी दुई तीन ठाउँमा त्यस्तै भएपछि नयाँ लुगा लगाइरहेको साथी साऱ्है रिसायो । घरमा पुगेर साथीलाई भन्यो- "मेरा पुरानो लुगा देऊ । ल, तिम्रो लुगा ।"



Downloaded from http://www.dhamma.digital

यति भनी उसले लुगा फुकालेर दियो । यहाँ पनि लुगा दिनेले माया लागेर लुगा त दियो तर साँच्चैको त्याग चेतना भने होइन भन्ने स्पष्ट भयो ।

पैसा र मानिसको मूल्य हुने भनेको त त्याग चेतना भएमात्र हो । बुद्धले भन्नुभएको छ- कसैलाई केही चिजबस्तु दिइसकेपछि व्यर्थै दिएछु भनी चित्त दुखाएर बस्नुहुन्न । बोधिसत्वहरूले दिइसकेपछि चित्त दुखाएर बस्दैन । हामी सामान्य मानिसहरू त्यसो होइन । त्याग चेतना बलियो नभएको भन्ने कि मन बलियो नभएको भन्ने ।

अब यो लेख लेखिराख्ने भिक्षु भएपछि त्याग चेतनाको कथा सुनाइराखे पनि, पुस्तक लेखिराखे पनि सधैं शुद्ध त्याग चेतना पनि छैन ।

मलाई श्रद्धावानहरूले फलफूल तथा मिठाईहरू दान दिन ल्याउँछन् । कहिले कहिले आफूले खाएर सकिंदैन । अनि अरूलाई दिने विचार आउँछ । दिनको लागि मेरो हात जान्छ नराम्रो फलफूलमा ।

दिने भनेको राम्रो दिनुपर्छ । कसरी कसरी यो मन बडो विचित्र । सधैं त्यागी नहुँदो रहेछ ।



Downloaded from http://www.dhamma.digital

मसंग जुत्ताहरू तीन चार जोर थियो। धेरै त दान आएको। आफ्नो पैसाले नै किनेको छालाको एक जोर छ। त्यो एकजनालाई दिन्छु भन्ने विचार आयो। अलि खिइसकेको। पालिश राखेर दिनुपर्ला भनी पसलमा लगेर पालिश राख्न लगाउँदा बिल्कुल नयाँ झैं भयो। अनि दिन लोभ लाग्यो। दिँदै दिइनं। कथा भन्ने भिक्षुको ताल हेर न !

फेरि एकपल्ट एकजना साथीले नयाँ विवाह गरेर ल्याएको स्वास्नीसंगै मलाई भेट्न आयो। केही न केही दिने विचार गरें। विदेशबाट ल्याएको राम्रो बस्तु दिनुपर्ला जस्तो लाग्यो तर मनमा खूब अन्तर्द्वन्द भयो। त्यसो भनेको मनमा कुरा खेल्यो। एकपल्ट दिनुपर्‍यो भन्ने, तर फेरि मनले पछि त्यस्तो बस्तु पाउने हो कि होइन ! विचार गरिसकें, दिन्छु नै भनी दिएं। तर दिइसकेपछि पनि त्यही बस्तुमात्र सम्झेर आधारातसम्म निन्द्रा नै लागेन। अनि आफूले आफैंलाई सम्झाएं, कथा भनिराख्नेको के चाला हो यो ? त्याग गरिसकेपछि के मन दुखाएर बसेको ? खुरूक्क बिर्सेर पठाइदेऊ न। त्यो बिर्सेपछिमात्र निन्द्रा लाग्यो।



Downloaded from http://www.dhamma.digital

आजभोलि नयाँ चलन भनुं कि त्याग चेतना भनुं, मर्नेहरूको नाममा पुस्तक छापिदिने, स्कूल बनाउन जग्गा दिने, गरीबहरूलाई पढ्नको लागि छात्रवृत्ति दिने, पुरस्कार दिने त्याग चेतना देखा परिहेको छ। यो धेरै राम्रो छ। यो पुस्तक २०५५ सालमा नेवारी भाषामा निस्केको पनि एकजना दिवंगत उपासिकाको गुण स्मरण गरेर हो। यो एउटा सत्पुरूष लक्षण हो। हालसालैमात्र एकजनाले आफ्नी दिवंगत श्रीमतीको नाममा बनेपाको जनमत पत्रिकालाई वर्षका १०,००० रूपियाँ दिने निर्णयको समाचार आएको छ। यो त्याग चेतनाको ज्वलन्त उदाहरण हो।

गौतम बुद्धले भन्नुभएको छ, पैसा कमाउने भनेको थुपारिराख्नको लागि होइन। काममा सदुपयोग गर्नको लागि हो। सदुपयोग गरेन भने काममा प्रयोग नगरी थुपारिमात्र राख्यो भने त्यो धन सरकारले जफत गर्न सक्छ, आगोमा जलेर नाश हुनसक्छ, चोरले चोरेर लान सक्छ, नदीमा बाढी आएर बगाउन सक्छ। त्यसैले त्याग चेतना राखेर परोपकार पनि गर्न सक्नुपर्छ। अनि पैसाको र मानिसको मूल्य बढ्छ।

युवा बौद्ध समूहको कार्यकर्ताहरू "सम्यक चिन्तन" भन्ने थप पृष्ठ "सन्ध्या टाइम्स" पत्रिकामा



Downloaded from http://www.dhamma.digital

प्रकाशित गर्नको लागि सहयोग दिन जाँदा धेरैले त्याग चेतनाले पैसा दिएर सहयोग गरे। एक साहु, जो ध्यानमा पनि लागिरहेको हो, ले भन्यो रे- मलाई मन नपर्ने एकजना भिक्षुको धेरै नै त्यो पत्रिकामा लेख छापिरहेको छ। त्यो भिक्षुको लेख नराख्ने हो भने सहयोग गर्नेछु। यसो भनेकोले तपाईको सहयोग चाहिंदैन भनेर युवा बौद्ध समूह फर्केर आए। यस्तो पनि त्याग चेतना भएका मानिसहरू रहेछन्।

## प्रज्ञाधन

धनको मूल्य हुने प्रज्ञाले हो। प्रज्ञा भनेको विवेकबुद्धि हो। ठिकरूपले बुझेर ठाउँ र परिस्थिति हेरेर काम गर्न जान्ने, कुरा गर्न जान्ने स्थानोचित प्रज्ञा भनिन्छ भनी बुद्धले भन्नुभएको कुरा यहाँ स्मरणीयरहेको छ।

प्रज्ञा दुइथरि छन्- लोकोत्तर र लौकिक। संसारको सबै चिजबस्तु अनित्य छ, अस्थिर छ, आफूले भनेजस्तो नभएकोले दु:ख हो अनि अनात्म हो भनी बुझ्ने भनेको लोकोत्तर (संसारबाट अलग्ग) प्रज्ञाको लक्षण हो। लोकोत्तर प्रज्ञाको बारे मसंग राम्रोज्ञान छैन।



Downloaded from http://www.dhamma.digital

यहाँ मसंग भएको ज्ञान लौकिक प्रज्ञा अथवा व्यवहारिक प्रज्ञा (दैनिक जीवनमा प्रयोग गर्नुपर्ने ज्ञान)को बारे मात्र कुरा उल्लेख गर्न लागिरहेको छु । मैंले बुझेअनुसार व्यवहारिक ज्ञान नभई दुःख अन्त्य हुने छैन । निर्वाण सुखबाट टाढा नै भइराख्नेछ ।

साधारणतया विद्वान्‌हरूलाई प्रज्ञावान् भनिन्छ तर बुद्धको कथनअनुसार विद्वान् हुँदैमा प्रज्ञावान् हुँदैन । उसमा विवेकबुद्धि हुनुपर्छ, साथै मन सफा हुनुपर्छ। पूर्वाग्रह वा साम्प्रदायिक (जातिभेद आदि थिति रीति बलियो किसिमले समातिराख्ने स्वभावको) भावना हुनुहुँदैन ।

हामीकहाँ प्रज्ञा प्रतिष्ठान भन्ने एक संस्था छ। त्यसमा जान्ने-बुझ्ने धेरै पढेलेखेका उपाधिधारीहरूमात्र समावेश रहेको छ। पहिला पहिला त्यसमा नेवारहरूको नेपालभाषालाई मान्यता दिएन । अब आएर नेपालभाषालाई पनि मान्यता दिएर ल्यायो । ९, १० वर्ष अगाडि पाटनका पण्डित आशाकाजी वज्राचार्यले नेपालभाषाबाट कार्यपत्र लेखेर सुनाए। त्यसबेला उक्त सभाका सभापति म स्वयं भई भनेको थिएं, अब प्रज्ञा प्रतिष्ठानमा प्रज्ञा भएर आएजस्तो छ। यस्तो भन्दा सबै हाँसेर बसे। यसपछि पनि प्रज्ञा प्रतिष्ठानले नेपालभाषा



Downloaded from http://www.dhamma.digital

र नेपालीभाषा दुइटै भाषा राखेर शब्दकोष प्रकाशित गरिदियो। यो प्रज्ञा भएर आएको लक्षण हो।

अब प्रज्ञाको व्यवहारिक पक्षतिर एकपल्ट जाऊं। योभन्दा अघि श्रद्धाको व्याख्या गरिसकेको छु। श्रद्धा भनेको मन प्रसन्न हुने, भक्तिभावना हो तर श्रद्धामा प्रज्ञा भएन भने अन्धविश्वास हुनजान्छ। आफूलाई मन परेकाहरूले जे भने पनि हुन्छ। फेरि प्रज्ञामा श्रद्धा भएन भने अरूलाई पतन गराउन खोज्छ। छलकपट गर्न खोज्छ। स्वार्थी हुन्छ। करूणा र दया भन्ने उसमा हुँदैन। श्रद्धा र करूणा नभएको प्रज्ञाको एउटा उदाहरण उल्लेख गरूं।

भनुं कि एकजना मानिस रत्नपार्कमा पुगेर सोध्यो- "स्वयम्भू कति टाढा छ? त्यहाँ पुग्न कति समय लाग्छ?"

उसले सोधेको एकजना वकिललाई रहेछ। वकिलले भन्यो- "सरासर जाँदा पुग्छ।"

त्यो मानिस आश्चर्य भइराख्यो- "सरासर गयो भने पुग्छ भनेर उसले भन्नुपर्छ र?"

त्यो मान्छे सरासर भोताहिटीतर्फ बढ्यो। एकैछिनपछि वकिलले बोलाएर भन्यो- "एक घण्टामा तिमी स्वयम्भू पुग्नेछौ।"



Downloaded from http://www.dhamma.digital

त्यो मानिसले सोध्यो- "यो कुरा अघि नै किन नभनेको त ?"

वकिलले भन्यो- "मलाई थाहा छ र तिमी कछुवाजस्तै विस्तारै जाने हो कि अथवा खरायो जस्तै दौडिने हो । अब तिमी हिंडेको देखेर थाहा पाएं नि तिमी एक घण्टामा पुग्नेछौ ।"

स्वयम्भू जानलाई आएको मानिस लाटा भएर रह्यो । वकिल भन्नेले धर्मात्मालाई पापी, पापीलाई धर्मात्मा बनाउन सक्छ । यो श्रद्धा नभएको प्रज्ञाको चिन्ह हो ।

९, १० वर्ष पहिले सर्वोच्चले सरकार र स्कूलमा नेपालभाषाको (नेवारी भाषा) प्रयोग गर्नुहुन्न भन्ने जुन निर्णय गऱ्यो, न्यायाधिश विद्वान् भए पनि श्रद्धाविहीन प्रज्ञा भएको हुनाले पक्षपात गरी अन्यायीरूपले जनजाति र स्थानीय भाषालाई तल पारेर निर्णय गरेको श्रद्धा नभएको प्रज्ञाको लक्षण हो ।

मास्टर एकजनाले विद्यार्थी दुइजनाको बुद्धि परीक्षा गर्नको लागि दश, दश रूपियाँ दिएर भने- "यो दश रूपियाँले एउटा-एउटा कोठा भरिदेऊ ।"



Downloaded from http://www.dhamma.digital

मास्टरको आज्ञाअनुसार एकजनाले दश रूपियाँको काम नलाग्ने पराल आदि ल्याएर कोठा भरिदियो । अर्कोले पाँच रूपियाँको तेल राखेर बाल्ने बत्ति बालिदिएर अँध्यारो कोठा प्रकाशले भरिदियो । उसले पाँच रूपियाँ पनि बचाइदियो ।

मास्टरले बत्ति बालिदिने विद्यार्थीलाई पास गरेर बुद्धि भएको भनी घोषणा गरिदियो । यहाँ हामीलाई चाहिरहेको बत्ति बाल्ने बच्चामा भएको जस्तो प्रज्ञा हो ।

एकपल्ट बुद्धकहाँ एकजना मान्छे आएर सोध्यो- "**किंसु नरानं रतनं** ? अर्थात् मानिसको रत्न (धन) के हो ?"

बुद्धले भन्नुभयो- "**पञ्ञा नरानं रतनं** अर्थात् प्रज्ञा नै मानिसको धन हो ।"

आलवकले सोध्यो- "**कथं जीविं जिवितमाहु सेट्ठं** अर्थात् कसरी जीवन बितायो भने जीवन सफल हुन्छ ?"

बुद्धको जवाफ थियो- "**पञ्ञा जीविं जिवितमाहु सेट्ठं** अर्थात् प्रज्ञापूर्वक जीवन बितायो भने जीवन सफल हुन्छ ।"

❁❁❁



Downloaded from http://www.dhamma.digital

## लेखकका प्रकाशित नेपालभाषाका अन्य पुस्तकहरु

१. गौतम बुद्ध
२. बुद्धया अर्थनीति (संयुक्त)
३. तथागत हृदय
४. त्याग
५. दश संयोजन (सं.)
६. भिक्षुया पत्र (भाग १,२)
७. पेकिङ्ग स्वास्थ्य निवास
८. बौद्ध शिक्षा
९. न्हापां याम्ह गुरु सु ?
१०. माँ-बौ लुमन
११. हृदय परिवर्तन
१२. बौद्ध ध्यान (भाग-१,२)
१३. बाखं (भाग-१,२,३,४,५,६)
१४. भिक्षु जीवन
१५. भिंम्ह मचा
१६. बाखँया फल (भाग १,२)
१७. धम्मचक्कप्पवत्तन सुत्त
१८. क्षान्ति व मैत्री
१९. बोधीसत्व
२०. मूर्खम्ह पासा मज्यू
२१. श्रमण नारद (अनु.)
२२. ईर्ष्या व शंका
२३. चरित्र पुचः (भाग १,२)
२४. योगीया चिट्ठी
२५. पालि प्रवेश (भाग-१,२)
२६. धर्म मसीनि
२७. सर्वज्ञ (भाग १,२)
२८. दुःख मदैगु लँपु
२९. शिक्षा (भाग १,२,३,४)
३०. दान
३१. चमत्कार
३२. बुद्धया व्यवहारिक पक्ष धर्म
३३. व्यवहारिक प्रज्ञा
३४ दीर्घायु जुइमा
३५. ज्ञान मार्ग (भाग १,२)
३६. बौद्ध नैतिक शिक्षा
३७. भिगु बन्धन
३८. मनू म्हसस्केगु गय्
३९. संस्कृति
४०. बुद्धया करुणा व ब्रह्मदण्ड
४१. धर्मया ज्ञान
४२. कर्म व कर्मफल
४३. अमृत दान

Downloaded from http://www.dhamma.digital

## लेखकका छापिसकेका अन्य पुस्तकहरु

१. नेपाल चीन मैत्री
२. बौद्ध दर्शन
३. बुद्ध र व्यवहारिक धर्म
४. पञ्चशील
५. शान्ति
६. नारी हृदय
७. पेकिङ्ग स्वास्थ्य निवास
८. बौद्ध संस्कार (दो.सं.)
९. बौद्ध जगतमा स्वास्थ्य सेवा
१०. निरोगी
११. बुद्धको विचारधरा
१२. मैले बुझेको बुद्धधर्म
१३. बौद्ध नैतिक शिक्षा (भाग १)
१४. बौद्ध ज्ञान
१५. "बुद्ध र बुद्ध धर्मको संक्षिप्त परिचय
१६. धर्म चिन्तन
१७. बौद्ध ध्यान (विपस्यना ध्यान)
१८. सम्यक शिक्षा (भाग १)
१९. आर्यसंस्कृति
२०. आर्यशील र आर्य मार्ग
२१. सम्यक शिक्षा (भाग २)
२२. सम्यक शिक्षा (भाग ३)
२३. निन्दाबाट बच्ने कोही छैन
२४. बुद्धकालीन प्रजातन्त्र र समाजवाद
२५. नारीहरुमा पनि बुद्धि छ
२६. बुद्धकालिन संस्कृति
२७. बुद्धकालिन संस्कृति र परिस्थिति
२८. पहिलो गुरु को हुन् ?
२९. बुद्धको संस्कृति र महत्व
३०. क्षान्ति र मैत्री (अनु. वीर्यवती)
३१. धर्म र हृदय
३२. बोध कथा र बौद्ध चरित्र
३३. कर्म र कर्मफल (अनु. भिक्षु संघरक्षित)
३४ भिक्षु जीवन (अनु.भिक्षु संघक्षित)
३५. दश संयोजन (अनु.भिक्षु संघरक्षित)
३६. २१ औं शताब्दिमा बुद्धको शिक्ष किन ?
३७. चित्त शुद्ध भए जीवन उज्ज्वल हुनेछ
३९. धर्म जीवन जिउने कला
४०. बुद्धको जीवनोपयोगी शिक्षा
४१. नक्कली देवता
४२. बुद्ध र बुद्धको धर्म
४३. समाजको लागि बुद्धको शिक्षा
४४. मानिसलाई असल बनाउने बुद्धको शिक्षा
४५. व्यवहारिक प्रज्ञा (अनु.भिक्षु संघरक्षित)
४६. अमूल्य धन (अनु.भिक्षु संघरक्षित)

Downloaded from http://www.dhamma.digital